सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा

<u>आदेश</u>

०७२-WO-०१४६

विषयः- <u>उत्प्रेषण, परमादेशसमेत।</u>

जिल्ला उदयपुर, तपेश्वरी गा.वि.स., वडा नं.१ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १० बस्ने अधिवक्ता हुतराज कोइराला .....१ निवेदक

जिल्ला काभ्रेपलाञ्चोक, पाँचखाल नगरपालिका घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३२ बस्ने अधिवक्ता डिल्लीप्रसाद न्यौपाने १

<u>विरुद्ध</u>

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं १

नेपाल सरकार, उद्योग मन्त्रालय सिंहदरबार, काठमाडौं १

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार काठमाडौं .....१ विपक्षी

नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार काठमाडौं १

नेपाल सरकार, अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं १

जिल्ला बारा, गढीमाई नगरपालिका, सिमरामा कारखाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, कान्तिपथ बाल सदनमा प्रधान कार्यालय रहेको सूर्य नेपाल प्रा.लि. .....१ जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका, वडा नं. २ स्थित परफेक्ट ब्लेण्डस नेपाल प्रा.लि १

जिल्ला सिरहा, चन्द्रलालपुर गा.वि.स., वडा नं. २ स्थित श्रेष्ठ विडी उद्योग १

जिल्ला रुपन्देही, कृष्णनगर नगरपालिका स्थित विजार्ड फेन्गोम्स उद्योग प्रा.लि. १

जिल्ला कैलाली, लम्की स्थित देउती गुटखा इन्डष्ट्रिज १

जिल्ला रुपन्देही, बुटवल नगरपालिका स्थित श्रीराम टोबाको उद्योग १

तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ को उपधारा (२) र (३) बमोजिम दायर भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त बेहोरा र निर्णय यसप्रकार छः-

तथ्य खण्ड

१. हामी निवेदक कानून व्यवसायी हौं। कानूनको शासन कायम हुनुपर्ने, कानूनको उद्देश्य जनताको जीउ ज्यान स्वास्थ्यको लागि हुने मनसाय राखी सामाजिक रुपमा जनताको सेवा गरी आएका छौं। विरुद्ध खण्डमा नेपाल सरकार तथा केहि निजी संस्थाहरु छन्। सरकारी संस्थाको काम कानून पालन गर्नू र गराउनू पर्ने हो भने निजी संस्थाको काम कानून पालन गरी व्यवसाय संचालन गर्नुपर्ने हो। निजी संस्था अनन्त भए पनि सुर्तिजन्य पदार्थको व्यवसाय गर्ने विभिन्न वस्तु चुरोट, विडी, खैनी र गुटखाको प्रतिनिधि पात्रको रुपमा विपक्षी बनाइएको छ। प्रस्तुत रिट निवेदनको उद्देश्य कानूनको पालना गराई जनताको स्वास्थ्य तथा राज्यको मर्यादा कायम गराउनु भएकोले धारा १०७(२) बमोजिम सार्वजनिक सरोकारको रुपमा हामी निवेदक यो रिट निवेदन लिई आएका छौं।

२. विश्व स्वास्थ्य सँगठनले जारी गरेको महासन्धि WHO Frame Work Convention on Tobaco Control (FCTC) मा नेपाल पक्ष राष्ट्र भई औपचारीक रुपमा मिति २०६३।०७।२१ तदनुसार ७ नोबेम्बर २००६ अनुमोदन गरिसकेको छ। त्यस महासन्धि अनुरुप नेपालले सुर्ति जन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र नियमावली, २०६६ कार्यान्वयन गरी सकेको छ। सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८ को दफा ९(१) मा "उत्पादकले सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कूल भाग मध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सुर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता बेहोराको मन्त्रालयले तोके बमोजिमको चेतावनी मूलक सन्देश र सुर्ति जन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्न र देख्ने गरी नेपाली भाषामा छाप्नु र अंकित गर्नु पर्नेछ' भन्ने उल्लेख छ।

३. उक्त दफा ९(१) संविधानसँग बाझियो भनी सुर्य नेपाल प्रा.लि. समेतले सर्वोच्च अदालतमा दायर गरेको २०६८-WS-००२२ समेतको मुद्दामा सर्वोच्च अदालतबाट निम्न अनुसार व्याख्या भएको पाइन्छ "राज्यले सुर्तिजन्य पदार्थको लेबूल वा प्याकेटको बाहिरी खोलमा वा भागमा जति सक्दो बढी सन्देश मूलक व्यवस्था गर्न यथोचित प्रबन्ध गर्न सक्ने हुन्छ।

यसरी राज्यले कानून निर्माण गरी कार्यान्वयनमा लगेको कानूनको कार्यान्वयनका सम्बन्धमा विवाद उत्पन्न गर्नु उपयुक्त हुँदैन। राज्यले यस्तो संवेदनशीलतालाई ध्यानमा राखी कानून उलङ्घन गर्ने व्यक्ति, निकायलाई दण्डात्मक व्यवस्था लागू गर्न सक्नुपर्ने हुन्छ। तसर्थ प्रस्तुत ऐनको दफा ९ मा भएको व्यवस्थालाई अन्यथा गर्न मिल्दैन।" (ने.का.प.२०७१ अं २ नि.नं. ९१२०)

४. सर्वोच्च अदालतले नै दफा ९(१) अनुसार ७५ प्रतिशत वा सोभन्दा बढी भागमा चेतावनीमूलक सन्देश छाप्नको लागि निर्देशन दिन सक्ने अधिकार विपक्षी स्वास्थ्य मन्त्रालयलाई दिएको स्पष्ट छ। विपक्षी स्वास्थ्य मन्त्रालयले सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८ को दफा ९(१) र नियमावली २०६८ को नियम २३ को अधिकार प्रयोग गरी सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स, पेटी तथा पार्सल प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका २०६८ लाई खारेज गर्दै २०७२।०२।०१ देखि लागू हुने गरी निर्देशिका २०७१ मिति २०७१।०७।१३ गतेको नेपाल सरकार मन्त्री स्तरिय निर्णयले जारी गऱ्यो। विपक्षी स्वास्थ्य मन्त्रालयले जारी गरेको सो निर्देशिका मातृ ऐन तथा सर्वोच्च अदालतबाट भएको ब्याख्या अनुरुप कानूनसम्मत रहेकोमा द्विविधा रहेन। तर सो निर्देशिका हालसम्म पनि कार्यान्वयन नगरी विपक्षीहरुले कागजी प्रक्रिया मात्र पूरा गर्न खोजेको देखिँदा सो निर्देशिका २०७१ लागू गराई जनताको स्वास्थ्यको रक्षा गरी पाउन यो रिट निवेदन लिई आएका छौं।

५. सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका २०७१ को दफा ३ मा "उत्पादकले सुर्तिजन्य पदार्थको प्रत्येक बट्टा, प्याकेट, च्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको कूल बाहिरी भाग मध्ये कम्तीमा नब्बे प्रतिशत भागमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने" व्यवस्था गरेको छ। यो कानून मिति २०७२।०२।०१ देखि लागू भइसकेको छ तर व्यवहारमा हाल सम्म लागू भएको छैन। नेपाल सरकारले कानून कार्यान्वयन गर्नुपर्ने हो। सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) गर्ने नियमावली, २०६८ को नियम ९ बमोजिम स्वास्थ्य मन्त्रालयले चेतावनी मूलक सन्देश थप वा परिवर्तन गरी कार्यान्वयनको जिम्मा विपक्षी उद्योग मन्त्रालयलाई दिएकोमा उद्योग मन्त्रालयले यो निर्देशिका लागू गर्न कुनै तदारुकता गरेको छैन अर्थात् उद्योग मन्त्रालयले आफ्नो जिम्मेवारी पन्छाएको पाइन्छ।

६. देशको राजस्वभन्दा महत्वपूर्ण जनताको स्वास्थ्य हो। नब्बे प्रतिशत चेतावनी मूलक सन्देश

नछाप्ने उद्योगलाई अन्तशुल्क स्टीकर नराख्नुपर्ने दायित्व विपक्षी अर्थ मन्त्रालयको हो। तर विपक्षी अर्थ मन्त्रालयले पनि गैरकानूनी पैसा अर्थात् ९० प्रतिशत चेतावनी नभएका उद्योगलाई अन्तशुल्क स्टिकर वितरण गरी राजस्व उठाई आएको छ। कानून लागू गर्नुपर्ने दायित्व अर्थ मन्त्रालयको पनि हो भन्नेतर्फ सरकारकै जागरुकता छैन। सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ११ मा उत्पादकले कानून पालन गरेको वा नगरेको सम्बन्धमा निरीक्षण गर्न प्रत्येक जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीलाई अधिकार तोकेको छ। तर उपरोक्त ऐन कार्यान्वयन गर्नेतर्फ कुनै जिल्लामा कुनै कारवाही भएको जानकारी हालसम्म आएको छैन्। अर्थात् गृह मन्त्रालयले आफ्नो जिम्मेवारी पन्छाएको पाइन्छ।

७. सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ बमोजिमको निर्देशिका २०६८ कार्यान्वयन नभएको अवस्थामा सम्मानित सर्वोच्च अदालतबाट निम्नअनुसार व्याख्या भएको पाइन्छ, "धुम्रपान तथा सुर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र सर्वसाधारण जनताको स्वच्छ वातावरणमा बाच्न पाउने स्वास्थ्य सम्बन्धी हकको प्रत्याभूती हुने कार्य राज्यले निर्वाह गर्नुपर्ने हुँदा सर्वसाधारण जनताको स्वास्थ्यसँग प्रत्यक्ष प्रभाव पार्ने सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ स्वास्थ्य मन्त्रालयबाट जारी गरिएको सुर्तिजन्य पदार्थ, बट्टा, प्याकेट, च्यापर्स, पेटी, तथा पार्सल, प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने र अंकित गर्ने निर्देशिका, २०६८ एवं सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ मा उल्लिखित कानूनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरी राज्यले आफ्नो दायित्व पूरा गर्नुपर्ने कर्तव्य देखाउनु पर्दछ र उपरोक्त ऐन, नियम, निर्देशिका प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, गराउनु सो विपरीतका उत्पादित सुर्तिजन्य पदार्थहरुलाई अविलम्ब बजारबाट हटाउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।" (२०६८-WO-०३८३ निर्णय मिति २०७०।०९।१४ ज्योति वानियाँ विरुद्ध प्रधामन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत)

८. अतः उपरोक्त सन्धि, कानून, नियम, निर्देशिका र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तका आधारमा सुर्तिजन्य पदार्थ बट्टा, प्याकेट, च्यापर्स, पेटी, तथा पार्सल, प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ प्रभावकारी रुपमा लागू गर्नु तथा सो निर्देशिका विपरीत सुर्तिजन्य पदार्थ बिक्री वितरण एवं उत्पादन नगर्नू, नगराउनू निर्देशिका विपरीत उत्पादित सुर्तिजन्य पदार्थ मानव स्वास्थ्यको लागि घातक भएको हुँदा सरकारद्वारा

जारी सुर्तिजन्य पदार्थहरुलाई अविलम्ब बजारबाट हटाउनू भनी विपक्षीहरुको नाममा परमादेश लगाएत उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ। साथै सुर्तिजन्य पदार्थ मानव स्वास्थ्यको लागि घातक भएको हुँदा सरकारद्वारा जारी सुर्तिजन्य पदार्थ, बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ विपरीत सुर्तिजन्य पदार्थ बिक्री वितरण एवं उत्पादन नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदन मागदाबी।

९. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो ? आदेश जारी गर्नु नपर्ने कानून बमोजिमको कुनै आधार र कारण भए सूचना म्याद प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जबाफ पेस गर्नू भनी रिट निवेदनको एक/एक प्रति प्रतिलिपि साथै राखी विपक्षी नं. १, २, ३, ४ र ५ लाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिनू र विपक्षी नं. ६, ७, ८, ९ र १० लाई कुनै आधार र कारण भए म्याद प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जबाफ पठाउनू भनी यो आदेश र रिट निवेदनको एक/एक प्रति प्रतिलिपि साथै राखी विपक्षीहरुलाई सम्बन्धित जिल्ला अदालतमार्फत म्याद तामेल गरी लिखित जबाफ आएपछि वा अवधि व्यतित भएपछि यस अदालतमा विचाराधीन रहेको ०७१-WO-०५९९ र ०६८-WO-०३८३ को रिट निवेदनको मिसिलसमेत साथै राखी नियमानुसार गरी पेस गर्नू। निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा दुवै पक्ष राखी छलफल गर्न उपयुक्त हुने देखिएकाले मिति २०७२।०५।२९ गते छलफलको लागि पेसी तारेख तोकी विपक्षीहरु समेतलाई सोको जानकारी गराई नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको मिति २०७२।०५।१८ मा यस अदालतबाट भएको आदेश।

१०. सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ मानव स्वास्थ्यमा सुर्तिजन्य पदार्थबाट पर्ने असर र प्रभावलाई नियन्त्रण गर्ने उद्देश्यले नेपाल सरकारबाट जारी भएको विषयमा कुनै द्विविधा देखिँदैन। सुर्तिजन्य पदार्थबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभावका सम्बन्धमा जनचेतना अभिवृद्धि गरी जनताको स्वास्थ्यको रक्षा गर्ने उद्देश्यले सो नियमावली अन्तर्गत सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ समेत जारी

भइसकेको र यी नियमावली र निर्देशिका स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र उद्योग मन्त्रालयबाट प्रशासन गरिने भएको र नकारात्मक प्रभावलाई कम गर्दै लैजाने उद्देश्यका साथ अर्थ मन्त्रालयले सुर्तिजन्य पदार्थको उत्पादन बिक्री, वितरणमा सालबसाली रुपमा अन्तशुल्क एवं राजस्वको दर क्रमशः बढाउँदै लगेको हुँदा यो मन्त्रालय रिट निवेदकको निवेदन जिकिर अनुरुप नै सुर्तिजन्य पदार्थको प्रयोगलाई क्रमशः घटाइदै लगी जनस्वास्थ्य प्रति यसबाट पर्ने असर र प्रभावलाई कम गर्ने दिशामा सक्रियता पूर्वक लागिरहेको बेहोरा सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु भन्नेसमेत बेहोराको नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जबाफ।

११. प्रथमतः म लिखित जबाफ प्रस्तुतकर्ताले कैलाली जिल्ला, लम्कीचुहा नगरपालिका वडा नं.२ मा मेरो प्रोप्राइटरशीपमा देउती गुटखा इण्डष्ट्रिज नामको उद्योग घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलालीमा विधिवत दर्ता गरी मेघाश्री नामको गुटखा तथा राधा एक्स्ट्रापावर सुर्ति उत्पादन गर्दै आएको छु। मेरो उल्लिखित उद्योगबाट उत्पादित सामानहरु विभिन्न एजेन्सीहरु मार्फत खुद्रा बिक्रीको लागि बजारमा गइरहेको हुन्छ। उद्योग स्थापना कालदेखि नै नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने अन्तशुल्क, आयकर लगायतको राजस्व समेत बुझाउँदै कानूनबमोजिम उद्योग सञ्चालन गरिरहेको छु। विपक्षीले आफ्नो निवेदनमा उठान गर्नुभएको सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९(१) समेतको अधिकार प्रयोग गरी सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स, पेटी, तथा पार्सल प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०६८ लाई खारेज गर्दै मिति २०७२।०२।०१ देखि लागू हुने गरी चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ मिति २०७१।०७।१३ गतेको नेपाल सरकारले मन्त्रीस्तरीय निर्णय गरी जारी गरेको भन्ने सन्दर्भमा हामी जस्ता व्यवसायीहरुले सरकारले दिएका निर्देशनहरु पालना नगर्ने भन्ने कुरै आउँदैन। उक्त निर्देशन हालसालै जारी भएको अवस्था हुँदा सोबमोजिम हाम्रा उत्पादनहरु व्यवस्थित गर्दै लगिएको अवस्था छ। खास गरी सरकारले समय समयमा जारी गर्ने यस प्रकृतिका नीति, नियम, निर्देशनहरु तदारुखताका साथ कार्यान्वयनमा ल्याउने जिम्मेवारी विरुद्ध खण्डमा रहेका नेपाल सरकारका निकायहरुकै हो। तथापि हामी उद्योगी व्यवसायीहरुले कार्यान्वयनमा आएका नीति, नियम, निर्देशनहरुले निर्देश गरेको बाटो अवलम्बन गरी उद्योग व्यवसाय सञ्चालन गर्ने कुरामा समेत कुनै विवाद छैन।

१२. समष्टिगत रुपमा विपक्षीको रिट निवेदन हेर्दा सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ऐन,

२०६८ को दफा ९(१) समेतको अधिकार प्रयोग गरी सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स, पेटी, तथा पार्सल, प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०६८ तथा सो लाई खारेज गर्दै मिति २०७२।०२।०१ देखि लागू हुने गरी जारी निर्देशिका, २०७१ समेतको कार्यान्वयनका सवालमा विरुद्ध खण्डमा रहेका सरकारका निकायहरुले तदारुकता नदेखाएको तथा निजी क्षेत्रले समेत कानून कार्यान्वयन नगरेकाले जनताको स्वास्थ्य रक्षाको लागि रिट निवेदन लिई सम्मानित अदालतसमक्ष आएको भन्ने भनाई रहेको पाइन्छ। यस सन्दर्भमा निवेदकहरुले उठान गर्नुभएका विषयहरु जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तु भएको विषयमा विवाद छैन। तथापि यस्ता विषयसँग सरोकार राख्ने नीति, नियम तर्जुमा गर्दा, लागू गर्दा सम्बन्धित सरकारी निकाय कार्यान्वयनको पक्षमा अत्यन्त गम्भीरताका साथ लाग्नुपर्ने हुन्छ। त्यस्ता नीति, नियमको पालना नगर्ने पक्ष सजायको भागी पनि बन्नुपर्छ यसमा दुईमत छैन। जहाँसम्म म लिखित जबाफवालाको उद्योगको सवाल छ सो सम्बन्धमा निवेदनमा के कसरी नीति निर्देशनको पालना वा कार्यान्वयन भएन गरेन भन्ने समेतको विषयमा प्रष्ट रुपमा भन्न सकेको अवस्था छैन। कानून नीति नियमको पालना नगरी सामान उत्पादन बिक्री वितरण गरेको पाइएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय समक्ष उजुरी गर्न सकिने कानूनी व्यवस्था हुँदा हुँदै उक्त प्रभावकारी कानूनी उपचारको बाटो अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको यस अर्थमा पनि यस उद्योगलाई विपक्षी बनाई रिट दायर गर्नुपर्ने कुनै कारण र अवस्थासमेत नहुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ। देउती गुट्खा इण्डष्ट्रिजले सुर्ति जन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, नियम लगायत नेपाल सरकारद्वारा जारी नीति निर्देशन समेतको पूर्ण पालना गरिरहेको छ। मेरो उद्योगले ऐन नियम विपरीत कुनै काम गरेको छ वा छैन भन्ने विषय रिटको क्षेत्राधिकारभित्र नपरी सम्बन्धित उजुर सुन्ने निकायले प्रमाण बुझी ठहर इन्साफ गर्ने विषय हो। रिट क्षेत्रबाट प्रमाण बुझ्न नमिल्ने र कानूनबमोजिमको प्रभावकारी बाटो कायम रहँदा रहँदै रिट क्षेत्र आकर्षित हुन नसक्ने समेतको आधारमा प्रस्तुत रिट निवेदन खारेज गरी न्याय पाउँ भन्नेसमेत बेहोराको देउती गुटखा इण्डष्ट्रिजको प्रोप्राइटर यज्ञबहादुर ओलीको तर्फबाट यस अदालतमा परेको लिखितजबाफ।

१३. सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) गर्ने ऐन, २०६८, सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) गर्ने नियमावली, २०६८ र सुर्तिजन्य पदार्थ, बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०६८ को

कार्यान्वयनका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा रिट नं.२०६८-WO-०३८३ को रिट निवेदन दायर भई सम्मानित अदालतबाट मिति २०७०।०९।१४ मा आदेश भएबमोजिम उल्लिखित ऐन, नियम र निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि यस मन्त्रालयबाट मिति २०७०।११।०५ र मिति २०७१।०६।२९ मा मातहतका उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिमा पत्राचार भई कार्यान्वयन भइरहेको बेहोरा निवेदन गर्दछु।

१४. जहाँसम्म सुर्तिजन्य पदार्थ, बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ को कार्यान्वयनका लागि यस मन्त्रालयले कुनै तदारुकता नदेखाई जिम्मेवारी पन्छाएको भन्ने सन्दर्भ छ, सो सम्बन्धमा उक्त निर्देशिका कार्यान्वयनका लागि मन्त्रालय मातहतको उद्योग विभागको च.नं. ४०, मिति २०७२।०५।१५ को पत्रबाट सुर्तिजन्य पदार्थ उत्पादकहरुको छाता संस्था श्री नेपाल सुर्तिजन्य उत्पादक संघलाई र सोही विभागको च.नं. ४१, मिति २०७२।०५।१५ को पत्रबाट सम्बन्धित उद्योग श्री सूर्य नेपाल प्रा.लि. काठमाडौँ, श्री गोर्खा लाहारी प्रा.लि., काठमाडौँ र श्री पर्फेक्ट ब्लेण्डर्स (नेपाल) प्रा.लि.लाई पत्राचार गरिएको छ। यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएका उक्त निर्देशिकाको सम्बन्धमा सूर्य नेपाल प्रा. लि.बाट सम्माननीय प्रधानमन्त्री ज्यू र नेपाल सरकारका मुख्य सचिवज्यूलाई सम्बोधन गरी दिएका निवेदनहरु यस मन्त्रालयमा प्राप्त भएकोमा मन्त्रालयबाट उक्त निवेदनहरु आवश्यक कार्यार्थ उद्योग विभागमा पठाइएको थियो। यसै सम्बन्धमा उद्योग विभागको सक्रियतामा मिति २०७२।०४।२० मा स्वास्थ्य तथा जनसंख्याका मन्त्रालयका प्रतिनिधि, वाणिज्य तथा आपूर्ति व्यवस्था विभागका प्रतिनिधि र सुर्तिजन्य उद्योगसँग सम्बन्धित उद्योगी व्यवसायीको सहभागितामा छलफल हुँदा निर्देशिकाको प्रावधानबाट औद्योगिक व्यवसाय ऐन, उपभोक्ता संरक्षण ऐन र पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐनमा भएका प्रावधानहरु कार्यान्वयन गर्न कठिनाई हुन गएकोले उक्त निर्देशिकामा भएका प्रावधानहरुका सम्बन्धमा सम्बन्धित सरोकारवाला समेतसँग छलफल गरी उचित निर्णयमा पुग्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने भन्ने निर्णय भई उद्योग विभागको च.नं. २०, मिति २०७२।०५।०१ को पत्रबाट यस मन्त्रालयमा लेखी आएकोले उक्त निर्णयबमोजिम हुन भनी मन्त्रालयको च.नं.५६ मिति २०७२।११।०४ को पत्रबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको समेत छ। यसप्रकार उल्लिखित निर्देशिकाको कार्यान्वयनका

सम्बन्धमा नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०६९ को अधीनमा रही उद्योगी र सरकारी निकाय बीच सेतुको रुपमा यस मन्त्रालयले कार्य गरिरहेको हुँदा निर्देशिका लागू गर्न तदारुखता नदेखाई जिम्मेवारी पन्छाएको भन्ने निवेदन बेहोरा सरासर बनावटी, कपोल्कल्पित र भ्रामक भएको प्रष्ट हुँदा रिट निवेदन खारेजभागी छ। सुर्तिजन्य पदार्थ, बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ मिति २०७२।०२।०१ देखि लागू भएको अवस्थामा निर्देशिका कार्यान्वयनका सम्बन्धमा सम्पादन भएका विभिन्न काम कारवाहीको यथार्थ वस्तुस्थिति नबुझी निर्देशिका प्रभावकारी रुपमा लागू भएन भनी अहिले नै सम्मानित अदालतमा रिट निवेदन दायर गर्नुपर्ने अवस्था सृजना नभएकोले रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, उद्योग मन्त्रालयका तर्फबाट यस अदालतमा परेको लिखित जबाफ।

१५. गृह मन्त्रालय नेपालमा प्रचलित कानून कार्यान्वयन गर्न गराउन प्रतिबद्ध छ। सीमित स्रोत र साधनका बावजुत पनि कानून कार्यान्वयन गर्दै आइरहेको छ र आगामी दिनमा पनि गराउँदै जानेछ। साथै कानून कार्यान्वयन गर्ने र गराउने जिम्मेवारी प्रति गृह मन्त्रालय प्रतिवद्ध छ। रिट निवेदकले रिट निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारवाहीबाट के-कस्तो संवैधानिक तथा कानूनी हक अधिकार उल्लङ्घन भएको हो भन्नेसमेत केही उल्लेख समेत गर्न सकेको नदेखिँदा निवेदन बदर भागी छ, यस मन्त्रालयको हकमा रिट निवेदन बदर गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जबाफ।

१६. सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स, प्याकेट, पेटी तथा पार्सल, प्याकेजिंङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ विपरीत सुर्तिजन्य पदार्थ बिक्री वितरण भएको निवेदन जिकिर सम्बन्धमा सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ (यस पछि ऐन भनिएको) को दफा ९ को उपदफा (१) ले उत्पादकले सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स, प्याकेट पेटी तथा पार्सलको प्याकेजिंग र लेवुलको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सुर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता बेहोराको मन्त्रालयले तोकेबमोजिम चेतावनीमूलक सन्देश र सुर्तिजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अंकित गर्नु पर्नेछ भन्ने उल्लेख गरेको छ। ऐनको उक्त व्यवस्थालाई प्रभावकारी

कार्यान्वयनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने निर्देशिका, २०७१ जारी गरेको छ। सो निर्देशिकाको दफा ३ मा उत्पादकले सुर्तिजन्य पदार्थको प्रत्येक बट्टा, प्याकेट, च्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको कूल बाहिरी भाग मध्ये कम्तीमा नब्बे प्रतिशत भागमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने व्यवस्था भएको र सो व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकार क्रियाशिल छ। ऐन, नियम र निर्देशिकाको प्रभावकारी र पूर्ण कार्यान्वयन गर्ने विषय निरन्तर चलिरहने प्रक्रिया हो। सार्वजनिक हितको संरक्षणको लागि बनेका कानूनको कार्यान्वयनको लागि सरकारले आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म उच्च प्राथमिकता दिई काम कारवाही गर्दै आएकोले नेपाल सरकारले आफ्नो दायित्व पालना गर्न उदासिनता देखाएको मान्न मिल्दैन। अतः प्रस्तुत रिट निवेदन खारेज गरी पाउँन सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु भन्नेसमेत बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट यस अदालतमा परेको लिखित जबाफ।

१७. सुर्तिजन्य पदार्थको प्रतिकूल परिणामबाट सर्वसाधारणलाई सुरक्षित गर्ने उद्देश्यले सुर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ लागू भएको अवस्था छ। सोही ऐनले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयले जारी गरेको निर्देशिकाबमोजिम काम भए नभएको निरीक्षण गर्ने निरीक्षकसमेत तोकी ऐन तथा निर्देशिकाको व्यवस्था पूर्ण पालनाको लागि यथेष्ठ कारवाही भएको छ।यस मन्त्रालयको हरेक काम कारवाहीले ऐन तथा निर्देशिकालाई प्रभावकारी बनाएको छ। निर्देशिका विपरीत काम कारबाही नहोस् भन्ने अभिप्रायले निर्देशिकाको हरेक प्रावधान प्रभावकारी बनाईरहेको सन्दर्भमा यस मन्त्रालयका नाउँमा कुनै आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नभएकोले रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौँको तर्फबाट यस अदालतमा परेको लिखित जबाफ।

१८. मूल रुपमा विपक्षी निवेदकहरुले सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका,२०७१ प्रभावकारी रुपमा लागू गर्न भनी हामी समेतलाई विपक्षी बनाई निवेदन गर्नुभएको छ। विपक्षी निवेदकहरुको यस विषयमा के सार्थक सम्बन्ध रहेको छ, उहाँहरुले वा नेपाल सरकारको जिम्मेवार निकायहरुले यस बारे के कस्तो अनुसन्धान वा अध्ययन गरी वा तथ्यांक संकलन गरी कुन निष्कर्षका आधारमा यस्तो रिट निवेदन दायर गर्नुपर्ने अपरिहार्य

अवस्था देख्नु भएको रहेछ र नेपालमा रहेका कतिपय सुर्तिजन्य पदार्थका उत्पादकहरु मध्ये केहीलाई मात्र विवादमा समावेश गराई रिट निवेदन दायर गनुपर्ने के कस्तो कारण रहेछ भन्ने विषयमा कुनै तथ्य प्रमाण, विश्लेषण तथा वस्तुनिष्ठ आधार आफ्नो निवेदनमा उल्लेख गर्न नसक्नु भएबाट सो निवेदन वास्तवमा हकदैया विहीन रहेको हाम्रो प्रारम्भिक जिकिर रहेको छ। सार्वजनिक सरोकारको विषयमा पनि निवेदकहरुको प्रत्यक्ष सरोकार र हकदैया बारे स्पष्ट हुनु आवश्यक हुन्छ। हालसम्म सार्वजनिक सरोकारको विषय भनी दाबी गरिएका विभिन्न मुद्दाहरुमा सम्मानित सर्वोच्च अदालतबाट जारी भएका सिद्धान्तहरुको गम्भीर विश्लेषण र विवेचना गरी सर्वप्रथम हकदैयाका सम्बन्धमा सम्मानित अदालत स्पष्ट भएपछि मात्र यो र यस प्रकृतिका मुद्दाहरु विषयवस्तुमा सम्मानित अदालतले प्रवेश गर्नु उचित हुने देखिन्छ। प्रस्तूत विषयमा त्यस्तो कुनै अपरिहार्यता र सार्थक सम्बन्धहरु देखाउन नसकेको कारण रिट जारी हुन सक्ने प्रकृतिको छैन।

१९. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०६८ मा जारी गरेको चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने विषयको निर्देशिकाको कार्यान्वयन सम्बन्धमा साबिकमै विवाद भई सम्मानित सर्वोच्च अदालतसमक्ष विभिन्न रिट निवेदनहरु दायर भएकोमा मिति २०७०।०९।१४ मा अन्तिम आदेश भए पश्चात्मात्र उक्त २०६८ सालको निर्देशिका कार्यान्वयन भएको हो। यसरी उक्त निर्देशिका जारी भएको एक वर्ष पनि नपुग्दै के कस्तो अध्ययन, अनुसन्धान वा सर्वेक्षणको परिणामस्वरुप २०७१ सालमै नयाँ निर्देशिका जारी गर्नुपर्ने अपरिहार्य अवस्था सृजना भएको हो र सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को उद्देश्य, मर्म र मनशाय उक्त २०६८ सालको निर्देशिकाले किन सम्वोधन गर्न सक्दैन भन्ने बारे एकातिर नेपाल सरकार र अर्कोतर्फ निवेदन आफैंसमेत पूर्णतः मौन रहेको कारण पनि रिट निवेदन अपूर्ण र अस्पष्ट छ। सरसर्ति हेर्दा बिना कुनै अध्ययन, अनुसन्धान वा तथ्ययुक्त प्रमाण एकतर्फी रुपमा बनाइएको २०७१ सालको निर्देशिका लागू गर्न कानूनी रुपमा नै धेरै वैधानिक अपठ्याराहरु देखिएपछि र कानूनी व्यवस्थाको पनि गलत प्रयोग भएको महसुस भएपछि नेपाल सरकारको सम्बन्धित मन्त्रालय र विभागहरुले सरोकारवालासँग छलफल सुरु गरिसकेको परिप्रेक्षमा निष्कर्शमा पुग्नु अगावै विपक्षीहरुले रिट निवेदन दायर गर्नुको औचित्य देखिँदैन, सो रिट निवेदनको उद्देश्य र मनसाय आत्मनिष्ठ रुपमा तयार भएको असन्तुलित प्रकृतिको निर्देशिका सम्बन्धमा सरोकारवालाहरुसँगको छलफलमा अडचन सृजना गर्ने भन्ने हो भन्नुमा अत्युक्ति हुँदैन। यस्ता असन्तुलित, आत्मनिष्ठ एवं

कानूनको गलत प्रयोग गरी तयार भएको निर्देशिकालाई वैधानिक आवरण ओढाउन र त्यस्मा भएका त्रूटि कमीकमजोरी तथा प्रचलित कानूनसँगको असामाञ्जस्यताबारे नेपाल सरकारका सम्बन्धित निकायले सरोकारवालाहरुसँगको हालको छलफलमा अवरोध हुने गरी दायर भएको रिट निवेदन अपरिपक्व छ।

२०. यस्तो निर्देशिका ऐन नियमावलीको अधीनमा रही मात्र बनाउन सकिने व्यवस्था सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम २३ मा रहेकोले पनि दफा ९(१) ले दिएको अधिकारभन्दा बढी अधिकार मन्त्रालयले प्रयोग गर्न पाउँछ भन्न मिल्ने अवस्था छैन। ऐनको दफा ९ बमोजिम मन्त्रालयले तोकेको "चेतावनीमूलक सन्देश र रङ्गिन चित्र" (प्याकेजिङ्ग र लेबुलको भाग वा क्षेत्रफल होइन) उद्योग मन्त्रालय मार्फत उत्पादकलाई उपलब्ध गराउनुपर्ने व्यवस्था नियमावलीको नियम ९ मा रहेको र उद्योग मन्त्रालयले त्यस्तो सन्देश र चित्रको नमुना सरोकारवाला उत्पादकलाई उपलब्ध गराउनु अगावै मिति २०७२।०५।१४ मा मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्र लेखी सरोकारवालाहरुसँग उद्योग विभाग मार्फत छलफल गरी आवश्यक निकास दिने प्रक्रिया चालिसकेको भन्ने जानकारीसमेत दिएको अवस्थामा सो प्रक्रिया अवरुद्ध हुने गरी सम्मानित अदालतको हस्तक्षेपको माग गर्नुको औचित्य निवेदकहरुले पुष्टि गर्न सकेको नपाइएको हुँदा रिट निवेदन खारेज भागी छ। विपक्षी रिट निवेदकहरुले मूल रुपमा मिति २०७१।०७।१३ मा प्रकाशित “सुर्ति जन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ (यसपछि “२०७१ को निर्देशिका” भनिएको) दफा ३ मा रहेको उत्पादकले सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भाग मध्ये कम्तिमा ९० प्रतिशत भागमा सुर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने लगायतका चेतावनी मूलक सन्देश बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अंकित गर्नुपर्नेछ भन्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेकोले सो को प्रभावकारी कार्यान्वयनको लागि नै आदेश माग गरेको र सोही २०७१ को निर्देशिकाको दफा ३ समेतमा रहेको व्यवस्था सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९ समेतको प्रतिकूल भएकोले सो व्यवस्था बदर गरिपाउँ भनी निवेदक कम्पनीले सम्मानित अदालतसमक्ष ०७१-WO-०५९९ को रिट निवेदन दायर गरी उक्त रिट निवेदन सम्मानित अदालतमा विचाराधीन अवस्थामा रहेको हुनाले सो निवेदनमा उल्लिखित बुँदा प्रमाण र कानून

समेतको आधारमा समेत प्रस्तुत रिट निवेदन ग्रहणयोग्य नहुँदा उक्त ०७१-WO-०५९९ को रिट निवेदनसमेत साथै राखी एकैसाथ सुनुवाई गरी प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालतसमक्ष अनुरोध गर्दछु।

२१. ऐन तथा नियमावलीमा रहेको व्यवस्थाले बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी तथा पार्सलको प्याकेजिङ्गको बाहिरी भागको प्रतिशत विधायिकाले आफैं तोकी केबल संकेत चिन्ह र सन्देश मूलक चिन्हहरु मात्र परिवर्तन गर्न सक्ने अधिकार मन्त्रालयलाई दिएको प्रष्ट हुछ। यदि प्रतिशत तोक्ने अधिकार मन्त्रालयलाई दिएको भए ऐनमा कम्तिमा ७५ प्रतिशत भनी किटानी हुन सक्ने अवस्थासमेत रहँदैन, तसर्थ ७५ प्रतिशतमा नघटाई मन्त्रालयले तोकेको संकेत चिन्ह वा सन्देश र चित्र छाप्नुपर्ने कानूनी प्रावधान एवम् सम्मानित अदालतको फैसलालाई लिखित जबाफवालाले पूर्ण रुपमा पालना गरेको अवस्था यस कम्पनीलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेजभागी रहेको छ भन्नेसमेत बेहोराको प्रफेक्ट ब्लेण्डस नेपाल प्रा.लिको तर्फबाट यस अदालतमा परेको लिखित जबाफ।

२२. यसमा यस विषयमा भएका निर्णयसहितको फायलसहित पेसीका दिन उपस्थित हुन महान्यायाधिवक्ताालाई जानकारी गराई अन्तरिम आदेशको छलफलको लागि मिति २०७२।०९।२१ को तारेख तोकी सोको जानकारी अन्य पक्षहरुलाईसमेत दिई कानूनबमोजिम गरी पेस गर्नू भन्नेसमेत बेहोराको मिति २०७२।०९।१२ मा यस अदालतबाट भएको आदेश।

२३. यसमा अन्तरिम आदेश माग भएको विषय पूर्ण सुनुवाइबाट टुङ्गो लाग्ने विषय भएको देखिएकाले तत्काल निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गर्नू परेन। प्रस्तुत रिट निवेदनको चाँडो टुङ्गो लाग्न उपयुक्त देखिँदा अग्राधिकार प्रदान गरी १ महिनाको समय दिई पूर्ण सुनवाइको लागि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०७२।०९।२६ मा यस अदालतबाट भएको आदेश।

<u>रिट निवेदक अधिवक्ता श्री हुतराज कोइरालाको तर्फबाट पेस भएको लिखित बहस नोटः</u>

२४. हामी रिट निवेदकहरु विगत लामो समयदेखि कानून व्यवसायीको रुपमा व्यवसाय संचालन गर्दै आएका सामाजिक अभियान्ता (Social Engineers) को रुपमा कलम चलाउँदै आएका नेपाली नागरिक हौं। एक सचेत नागरिकको हैसियतले समाजको लागि राज्य संचालनार्थ राष्ट्रको गरिमामय संसदले समय, परिस्थिति एवं अन्तराष्ट्रिय मूल्य मान्यता अनुरुप ऐन, नियम,

निर्देशिकाबमोजिम सरकार संचालन भएको हुन्छ। संयुक्त राष्ट्र संघको पक्ष एवं सदस्य राष्ट्रको हैसियतले अन्तराष्ट्रिय महासन्धि WHO -Farme work Convention on Tobaco Control(FCTC) सन्धीलाई मिति २०६३।०७।२१ अर्थात् ७ नोबेम्बर २००६ मा अनुमोदन गरी सोही महासन्धी अनुरुप नेपालले सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र ऐ नियमावली, २०६८ कार्यान्वयनमा ल्याएको छ। त्यस्तै निर्देशिका २०६८ लाई खारेज गरी २०७२।०२।०१ देखि लागू गर्ने भनी मिति २०७१।०७।१३ मा मन्त्रीस्तरीय निर्णयसमेत भएको अवस्था विद्यमान छ। सोही अनुरुप संसदले निमार्ण गरेको कानून राज्यको प्रत्येक नागरिक (प्राकृतिक तथा सँगठित संस्था) हरुले कानूनमा तोकिए वा निर्देशित गरे अनुरुप उक्त ऐनको अक्षरांश परिपालना गर्नु प्रत्येक नेपाली नागरिकको दायित्व हो। देशको कानून त्यहाँ बसोबास गर्ने नागरिक मात्र नभई विदेशिहरुले पनि अनिवार्य रुपमा परिपालना नगरेको खण्डमा राज्यले त्यस्ता नागरिकहरुलाई कानूनबमोजिम दण्डितसमेत गर्ने कार्य गरी कानूनले निर्दिष्ट दण्ड सजाय र उचित कार्य गरेको खण्डमा पुरस्कृतसमेत गर्न सक्दछ। अन्तराष्ट्रिय महासन्धीमा हस्ताक्षर गरेपश्चात् आफ्नो देशमा ऐन, नियम र सोही अनुरुपको निर्देशिकासमेत बनाई देशमा कार्यसम्पन्न गरे बापत नेपालले अन्तराष्ट्रिय स्तरको ग्लोवल अवार्डसम्म प्राप्त गरेकाले सोको मिति २०७२।०४।२० राजधानी दैनिकमा प्रकाशित सूचनासमेत प्रमाणको रुपमा पेस गरेका छौं। तसर्थ, हामी निवेदकहरुको निवेदन मागदाबी अनुसार ३ करोड नेपाली नागरिकहरुको स्वास्थ्य जस्तो अति संवेदनशील विषय र दिर्घकालीन अर्थव्यवस्थामा समेत प्रत्यक्ष र परोक्ष रुपमा सार्वजानिक महत्वको विषय वस्तुको समस्यालाई प्रतिनिधित्व गर्दै यो रिट निवेदन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ बमोजिम उपस्थित भएका छौं। रिट निवेदनको माग दाबीबमोजिम रिट जारी होस् भनी निम्न बमोजिमको बहस नोट पेस गर्दछु। निवेदन मागदाबीबमोजिम सम्मानित अदालतले निम्न प्रश्नहरुको जिज्ञाशा निरुपण गरी निर्णय गर्नुपर्ने हुन्छ।

(क) सार्वभौमसत्ता सम्पन्न राज्यको संसदद्वारा देश र जनताहरुको वृहत्तर हित र समस्याहरुको समाधानार्थ राज्यले निमार्ण गरेको ऐन, नियम तथा निर्देशिका सम्बन्धित र सरोकारी व्यक्ति तथा संस्थाहरुले आफ्नो व्यवसाय संचालन गर्दा परिपालना गर्नुपर्ने वा नपर्ने ?

(ख) विपक्षीहरु (उत्पादक कम्पनीहरु त्था नियमन कार्य निकाय) ले राज्यद्वारा निर्मित ऐन, नियमावली तथा निर्देशिकाको परिपालना गर्नु गराउनु पर्दछ कि पर्दैन ?

(ग) संविधान देशको मूल कानून हो, यसमा उल्लेख गरेका नागरिकहरुका मौलिक हकहरु राज्यले अनिवार्य रुपमा लागू गर्नु गराउनु पर्ने वा नपर्ने ?

(घ) पक्ष राष्ट्रको हैसियतले अन्तराष्ट्रिय महासन्धी (WHO-Farme work Convention on Tobaco Control (FCTC) सम्झौताहरुमा अनुमोदन गरी आफैंले निमार्ण गरेको कानूनको परिपालना राज्य स्वंयले गर्नु गराउनु पर्ने वा नपर्ने ?

२५. तथ्यगत कानूनी प्रश्न तथा कानून व्यवसायीहरुको बहस पैरवीबाट माग दाबी अनुरुप रिट जारी हुनुपर्दछ भनी रिट निवेदकको तर्फबाट निम्नबमोजिम बहसनोट जिकिर प्रस्तुत गर्दछु।

(क) सार्वभौमसत्ता सम्पन्न देशको संसदद्वारा निर्मित नेपालको कानून :- सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८, ऐ.नियमावली २०६८, संशोधित निर्देशिका २०७१ मा तोकिए वा निर्दिष्ट गरिएको कानूनी व्यवस्था र विश्व स्वास्थ्य सँगठनले जारी गरेको महासन्धी नेपाल पक्ष राष्ट्र भई सोको अनुमोदन पश्चात् संसदले बनाएको कानून देशभित्र र बाहिर बसोबास गर्ने हरेक नागरिकले अक्षरसः परिपालना सम्बन्धित र सरोकारित जो कोहीले अनिवार्य रुपमा पालना र कार्यान्वयन गर्नुपर्दछ।

(ख) अधिकांश गरिबीको रेखामुनी र निरक्षर नेपाली नागरिकहरुलाई सुर्तिजन्य पर्दाथको सेवन र सोको परिणाम असरका सम्बन्धमा लेखात्मक र चित्रात्मक रुपमा सहज जानकारी होस् भनी सुर्तिजन्य पर्दाथ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९(१) तथा ऐ. नियमावली २०६८ को नियम २३ को अधिकार प्रयोग गरी मन्त्रालयद्वारा निर्मित निर्देशिका २०६८ लाई खारेज गरी मिति २०७१।०७।१३ मा संशोधित निर्देशिका २०७२।०२।०१ देखि लागू हुने गरी निर्देशिकाको नियम ३ मा स्पष्ट रुपमा उत्पादक तथा व्यवस्थापक निकाय वा संस्थाहरुले सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्नु भनी प्रष्ट रुपमा "उत्पादकले सुर्तिजन्य पर्दाथको प्रत्येक बट्टा प्याकेट, च्यापर्स, पेटी तथा पार्सल प्याकेजिङ्गमा कुल बाहिरी भागमध्ये कम्तीमा ९० प्रतिशतका भागमा चेतावनी मूलक शन्देश र चित्र छाप्ने व्यवस्था गरेको छ। सो निर्देशन विपक्षीहरुले कार्यान्वयन गर्नु गराउनु भनी निर्देशित गरेको छ भनी नेपालले यसरी कानूनी व्यवस्था गरेको हुनाले अन्तराष्ट्रिय पुरस्कारसमेत हात

पारेको स्थितिमा ऐन, नियम तथा निर्देशिका अनुरुप विपक्षीहरुबाट काम नभएको हुँदा विपक्षीहरु अवश्य पनि कानूनभन्दा माथि छैनन्। हुन सक्दैनन्। तसर्थ, विपक्षीहरुलाई कानूनको दायरमा ल्याई माग दाबी अनुसार रिट जारी होस्।

(ग) संविधान देशको मूल कानून हो। मूल कानूनमा नागरिकहरुको आधारभूत अधिकारहरु समेत मौलिक हकको रुपमा सुनिश्चित गरेको हुन्छन्। ऐतिहासिक जनआन्दोलन २०६२ पश्चात् नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ मा वातावरण तथा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था सुनिश्चित गरिएको छ। त्यस्तै नेपालको संविधानको धारा ३५ मा समेत नागरिकहरुको स्वस्थ्यकर समाज र वातावरणमा बाँच्न पाउनुपर्दछ भन्ने अभिप्रायले स्वास्थ्य सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको हो। यसरी देशको मूल कानून, सो अन्तर्गत बनेका सम्बन्धित विषयगत कानूनको व्यवस्थाबमोजिम नियमन गर्न बनाइएको नियमावली र आवश्यकता अनुरुप सम्बन्धित मन्त्रालयको मन्त्रीस्तरीय निर्णय अनुरुप अध्ययन, अनुसन्धान, खोजपश्चात् पत्यक्ष रुपमा सर्वसाधारण जनताको स्वास्थ्य सम्बन्धी मौलिक हकमा आधारित भएर बनाएको निर्देशिका र सोमा व्यवस्था भएको उत्पादक, वितरक एवं व्यवस्थापक समेतलाई स्पष्ट रुपमा निर्देशित गरिएको निर्देशन सम्बन्धित र सरोकारी पक्षहरु (विपक्षीहरु) बाट उल्ङ्घन भएकोले सिङ्गो समाज अर्थात् तिन करोड नेपालीहरुको मात्र नभई सुर्तिजन्य पदार्थको सेवनबाट क्यान्सर जस्तो डरलाग्दो र घातक रोगसँग सचेत रहन सहयोग पुगोस भनी ऐन नियम तथा निर्देशिकामा व्यवस्था भए अनुरुप विपक्षीहरुले आफ्नो दायित्वको बर्खिलाप गरेको हुँदा नेपालको अन्तरिम संविधान,२०६३ को धारा १६ मा व्यवस्था भएको वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन, २०६८ को धारा ९, ऐ.ऐनको नियमावली, २०६८ तथा ऐ. नियमावली अन्तर्गत संशोधित निर्देशिका, २०७१ को निर्देशन ३ नं. बमोजिम विपक्षीहरुबाट ऐनको पालना गराउन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम परमादेशको आदेश गरिपाउँ।

(घ) नेपाल संयुक्त राष्ट्र संघको पक्ष राष्ट्र हो, विश्व स्वास्थ्य सँगठनले जारी गरेको महासन्धी (WHO-Farme work Convention on Tobaco Control (FCTC) लाई मिति २०६३।०७।२१, ७ नोबेम्बर २००६ मा अनुमोदन गरी सोही अनुरुप २०६८

मा सुर्तिजन्य पदार्थ (नियन्त्रण तथा निगमन गर्ने) ऐन, सोको नियमावली, २०६८ तथा निर्देशिका, २०६८ लाई संशोधन गरी २०७१ समेत लागू भईसकेको अवस्था विद्यमान छ। त्यस्तै सम्मानित सर्वोच्च अदालतबाट यी र यस्तै प्रकृतिका विषयहरुमा कैयन सिद्धान्तहरु समेत प्रतिपादन भएका छन्। जस्तैः ने.का.प. २०६६, अंक ८, नि.नं. ८२०७, पृष्ठ १३५३, ने.का.प.२०७१, अंक २, नि.नं.९१२०, पृष्ठ १७३, तथा ज्योती बानिया विरुद्ध नेपाल सरकार मन्त्री परिषद् तथा मन्त्री परिषदको कार्यालयसमेत भएको २०६८-WO-०३८३ परमादेशको विशेष इजलासबाट भएको फैसलामा समेत यस्तै विषयमा प्रयाप्त व्याख्या र विश्लेषणपश्चात् रिट जारी भएको अवस्था विद्यमान रहेको र यस विषयमा सम्मानित अदालत विज्ञ भएको हुँदा रिट निवेदनको माग दाबी अनुरुप जनताको प्रत्यक्ष र परोक्ष रुपमा स्वास्थ्य जस्तो अति संवेदनशील र गम्भीर विषय वस्तुसँग जोडिएको सार्वजानिक सरोकार र महत्वको विषय हुँदा उल्लिखित कानूनी, तथ्यगत विवेचना तथा कानूनबमोजिम निर्मित निर्देशिका अनुसार विपक्षीहरुद्वारा कानूनको पूर्ण रुपमा परिपालना नभएको हुँदा कानून व्यवसायीहरुको बहस जिकिर, कानून तथा नियमावली तथा निर्देशिका अनुरुपको निवेदन माग दाबी अनुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम रिट जारी गरिपाउँ।

२६. विपक्षी प्रधान मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतको तर्फबाट महान्यायाधिवक्ता कार्यालयका सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले देहायबमोजिम बहस नोट पेस भयोः-

(क) सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स पेटी तथा पार्सल र प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ मा रहेको कम्तिमा ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश वा चित्र उत्पादकले राख्नुपर्ने व्यवस्थाले निवेदक प्रफेक्ट ब्लेण्डस प्रा.लि.को उद्योग संचालन गर्ने, उत्पादन गर्ने, पेसा व्यवसाय गर्ने कुनै पनि हक अधिकारमा असर परेको भन्ने अवस्था निजले रिटमा देखाउन सक्नुभएको छैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अनुसार प्रफेक्ट ब्लेण्डस प्रा.लि.का तर्फबाट दायर भएको प्रस्तुत रिट निवेदनमा सो धारा अनुसारको आधार प्रस्तुत गर्न नसकेको र निर्देशिकाको उक्त व्यवस्थाले निवेदकको कुनै पनि मौलिक वा कानूनी अधिकारमा असर परेको भन्ने अवस्थासमेत नदेखिएकोले उक्त रिट निवेदन संवैधानिक व्यवस्था अनुसार न्यायिक

निरुपण हुन सक्ने देखिँदैन। निवेदकले यसलाई सार्वजनिक सरोकारको विषय भन्न सक्नुभएको अवस्था पनि छैन।

(ख) ऐनको दफा ९(१) मा स्वास्थ्य मन्त्रालयले तोकेबमोजिम चेतावनीमूलक सन्देश र असरबाट हुने घातक रङ्गिन चित्र सुर्तिजन्य पदार्थको उत्पादकले सुर्तिजन्य पदार्थको बट्टा वा ऱ्यापर्सको कम्तिमा ७५ प्रतिशत भागमा अंकित गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ। उक्त अधिकार स्वास्थ्य मन्त्रालयलाई रहेको कुरामा विवाद छैन। सो अधिकार अन्तर्गत निर्देशिका निर्माण भएको हुँदा मातृ ऐनको प्रतिकूल रहेको भन्ने निवेदन जिकिर मनासिव छैन।

(ग) ऐनको दफा ९ ले कम्तिमा ७५ प्रतिशत भन्ने शब्दावली प्रयोग गरेको हुँदा सो भन्दा माथि जान नसक्ने भन्ने हुँदैन। नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले निर्देशिकामा कम्तिमा ९० प्रतिशत चेतावनीमूलक सन्देश वा चित्र अंकित गर्नुपर्ने भन्ने वाक्याशं राखेकोमा ऐनको सिमा नाघेको भनी अर्थ गर्न मिल्ने देखिँदैन। ऐनमा प्रयुक्त कम्तिमा ७५ प्रतिशत भन्ने शब्दले सोभन्दा बढी अर्थात् १०० प्रतिशत सम्म हुनसक्ने कुरालाई कानून निर्माता संसदले खुला गरी सोको कार्यान्वयन गर्न निर्देशिका बनाउने अधिकार नेपाल सरकारलाई प्रत्यायोजन गरेको देखिन्छ। सो ऐन कार्यान्वयन गर्न स्वास्थ्य मन्त्रालयले बनाएको निर्देशिकाले कम्तिमा ९० प्रतिशतको सिमा तोकेको हो। यसको उद्देश्य जनस्वास्थ्यमा गम्भीर असर पर्ने सुर्तिजन्य पदार्थको प्रयोगलाई नियन्त्रण वा कम गर्नु हो। जनस्वास्थ्यलाई प्रतिकूल असर पार्ने पदार्थ भएको हुँदा यसको प्रर्बद्धन गर्ने नभै discouraging गर्ने उद्देश्य रहेको छ। सुर्तिजन्य पदार्थ उत्पादन र बिक्री गर्ने उद्योगलाई discouraging उद्योगको रुपमा हेर्ने र यस्ता उद्योगप्रति उदार दृष्टिकोण नराख्ने नीति राज्यले लिएको अवस्था देखिन्छ। सुर्तिजन्य पदार्थको बारेमा र यसले स्वास्थ्यमा पार्ने असर र प्रभावका बारेमा सचेतना दिने, परिणामका बारेमा बुझिने गरी सूचीत गर्नुपर्ने कुरामा सम्बन्धित उत्पादकलाई जिम्मेवार गराउने उद्देश्य यसमा सन्निहित रहेको छ। आम नागरिकको जनस्वास्थ्यसँग जोडिएको विषय भएकोले यसमा उत्पादक पनि सोही अनुसार सामाजिक उत्तरदायित्वबाट पन्छिन मिल्दैन। रिट निवेदक जस्तै अन्य सुर्तिजन्य पदार्थका उत्पादक एवं बिक्रेता कम्पनीहरुले निर्देशिकाको व्यवस्थाको पालना गरिरहेको अवस्था छ। यसतर्फ पनि सम्मानित अदालतको ध्यानाकर्षण

भएको नै छ।

(घ) नेपाल सरकार सर्वसाधारण नागरिकको जनस्वास्थ्यप्रति संवेदनशील रहदै सुर्तिजन्य पदार्थको नियन्त्रणका लागि बनेका ऐन, नियम र निर्देशिका कार्यान्वयन गराउने कुरामा प्रतिबद्ध रहेको छ। सोही अनुसार प्रभावकारी रुपमा यी नियम र निर्देशिका कार्यान्वयन गर्दै आएको छ। यस्ता पदार्थको उत्पादन, बिक्री लगायतका विषयमा सालबसाली रुपमा अन्तःशुल्क लगाउने र राजस्वका दर वृद्धि गर्ने नीतिसमेत सरकारले लिएको छ। निवेदकहरुले ऐन, नियम तथा निर्देशिकाको यो व्यवस्था सरकारले कार्यान्वयन गर्न नसकेको वा कार्यान्वयनमा तत्परता नदेखाएको भनी प्रष्ट रुपमा भन्न र देखाउन सक्नुभएको छैन। तसर्थ प्रस्तुत रिट निवेदनहरुमा कुनै पनि परमादेश लगायतको आदेश जारी हुनपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउन सादर निवेदन गर्दछु।

२७. विपक्षी सुर्य नेपाल प्रा.लि.का तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की, विद्वान् वरिष्ठ अधिवक्ता श्री तुलसी भट्ट, विद्वान् अधिवक्ता श्री महेशकुमार थापा र विद्वान् अधिवक्ता श्री नारायण नेपालले प्रस्तुत गर्नुभएको लिखित बहसनोटः

(क) सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९(१) ले सुर्तिजन्य पदार्थको उत्पादकलाई बट्टा, च्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा ७५ प्रतिशत भागमा सुर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता बेहोराको मन्त्रालयले तोकेबमोजिम चेतावनीमूलक सन्देश र सुर्तिजन्य पदार्थको सेवनको असरबाट भएको घातक रङ्गीन चित्र छाप्नुपर्ने दायित्व सुम्पिएको छ। उक्त व्यवस्था हेर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चेतावनीमूलक सन्देश र घातक रङ्गीन चित्र तोक्नसम्म सक्ने गरी विधायिकाले मन्त्रालयलाई अधिकार दिएको देखिन्छ। त्यस्तो सन्देश चित्रको आकार बढाउने अर्थात् ढाक्नुपर्ने क्षेत्र नै बढाउने अधिकार विधायिकाले मन्त्रालयलाई दिएको छैन।

(ख) सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ नियम ९(१) ले ऐनको दफा ९ बमोजिम तोकिएका सन्देश तथा चिन्ह एक वर्षभित्र थप गर्न सक्ने व्यवस्था गरेको छ। नियमावलीले पनि मन्त्रालयलाई सन्देश र चित्र वा चिन्हले ढाक्ने प्रतिशत बढाउने अधिकार दिएको छैन। चेतावनीमूलक सन्देश र संकेत चिन्ह थप गर्ने भनेको त्यस्तो सन्देश र चिन्ह

रहने क्षेत्रफल थप गर्ने नभै संख्या थप गर्नेसम्म हो, त्यो पनि १ वर्ष पछि पाउँदैन।

(ग) मन्त्रालयले निर्देशिका बनाई ऐनले तोकिदिएको सिमा बढाउने अधिकार राख्दैन। नियमावली पनि ऐन अन्तर्गत बन्ने र नियमावलीले पनि मन्त्रालयलाई यस्तो अधिकार नदिएको अवस्थामा मन्त्रालयको बनाएको निर्देशिकाको दफा ३, ४, ५, ६ र ७ समेत ऐन र नियमावली समेतको विपरीत रहेका छन्। ऐनको दफा २ को खण्ड (ञ) बमोजिम नियम बाहेक अन्यत्र तोक्न पाउने अधिकार मन्त्रालयलाई छैन। प्रत्यायोजित अधिकार प्रयोग र पालना गर्ने अख्तियारीप्राप्तले पुनः त्यस्तो अधिकार प्रत्यायोजन गर्न मिल्दैन।

(घ) सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०६८ ले ७५ प्रतिशतको व्यवस्था गरेको थियो। उक्त निर्देशिकामा भएको व्यवस्थालाई सूर्य नेपाल लगायतका चुरोट उत्पादकहरुले पालना गरिसकेका छन्। तर, २०६८ सालको निर्देशिकालाई खारेज गरी २०७१ सालमा नयाँ निर्देशिका ल्याइएकोमा ऐन र नियमावलीसँग बाझिएको समेतका कारणहरुले गर्दा सूर्य नेपालले ऐनको व्यवस्थाको पालना गरी ७५ प्रतिशतलाई मात्रै कार्यान्वयन गरेको गरेको छ।

(ङ) ऐनको व्यवस्थालाई निर्देशिकाले संशोधन वा हेरफेर गर्न सक्दैन, यो स्थापित विधिशास्त्र हो। निर्देशिकाले ऐनलाई संशोधन वा खारेज गर्न नसक्ने कुरामा विपक्षीको पनि विवाद हो जस्तो देखिँदैन। ऐनले कम्तीमा ७५ प्रतिशत भनेको हुँदा कम्तीमा मात्रै ७५ हुने हो, बढीमा जती पनि हुन सक्छ भन्ने विपक्षीको जिकिर रहेको देखिन्छ। ऐनमा प्रयुक्त कम्तीमा भन्ने शब्दावलीले उत्पादकलाई मात्रै बढी प्रतिशत कायम गर्न बाटो खुल्ला गरेको छ, मन्त्रालयलाई होइन। मन्त्रालयले ७५ प्रतिशतभन्दा कम भयो वा भएन भन्ने मात्रै हेर्ने हो, ७५ प्रतिशतभन्दा बढी कायम गर्न सक्ने अधिकार दिएको छैन।

(च) वास्तवमा ऐनले मन्त्रालयलाई निर्देशिका जारी गर्ने अधिकार नै दिएको छैन। नियमावलीले निर्देशिका जारी गर्न सक्ने अधिकार मन्त्रालयलाई दिएको छ। तर, ऐन अन्तर्गत मात्रै नियमावली बन्न र लागू हुन सक्ने भएकोले ऐनले नदिएको अधिकार मन्त्रालयलाई प्रत्यायोजन गर्ने गरी नियमावलीमा पनि व्यवस्था हुन सक्दैन।

(छ) नियमावलीको नियम ९(१) ले एक वर्षभित्र चेतावनीमूलक सन्देश र घातक चित्र थप गर्न सक्ने अधिकार मन्त्रालयलाई दिएको छ। नियमावली मिति २०६९।०१।२५ मा लागू

भएकोले सो मितिले एक वर्ष अर्थात् मिति २०७०।०१।२४ भित्रमात्र चेतावनीमूलक सन्देश तथा घातक चित्रहरु तोक्न तथा थप गर्न सक्ने मन्त्रालयको अधिकार हो। तर, सो अवधि नाघेपछि मिति २०७२।०२।०१ देखि लागू हुने गरी सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ निर्माण गरेको हुँदा सो निर्देशिका चेतावनीमूलक सन्देश र घातक चित्रको हकमा लागू हुनै सक्दैन।

(ज) २०७१ सालको निर्देशिकामा भएको ९० प्रतिशतको प्रावधानले चुरोट उत्पादकलाई उपभोक्ता संरक्षण ऐन, २०५४ र उपभोक्ता संरक्षण नियमावली, २०५६ अन्तर्गत चुरोटको बट्टामा लेख्नु, छाप्नुपर्ने सूचनाहरु लेख्न, छाप्न असहज पारिदिएको छ। उपभोक्ता संरक्षण ऐनको दफा ९ र नियमावलीको नियम १५ अन्तर्गत चुरोट उत्पादकले चुरोटको बट्टामा देहायका कुराहरु समेत खुलाउनुपर्ने व्यवस्था गरेको छ।

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर।

(ख) ब्याच नम्बर र उत्पादन मिति।

(ग) सबै कर समावेश गरी हुन आउने अधिकतम खुद्रा बिक्री मूल्य।

(घ) चेतावनीमूलक सन्देश।

(झ) त्यस्तै सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ७(१) र नियमावलीको नियम ५ ले चुरोटको बट्टामा देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छ।

(क) प्रचलित कानूनबमोजिम दर्ता गराईएको लेबुल तथा ट्रेडमार्क चिन्ह।

(ख) चुरोटमा रहेको निकोटिनको मात्रा।

(ग) चुरोटमा रहेको नाइटोसोमाइन, बेन्जोपाइरिन, टार,कार्वनमोनोअक्साईड लगायतका रासायनिक तत्वहरु।

(घ) उत्पादन भएको मिति, ब्याच नम्बर तथा उपभोगको म्याद सकिने मिति।

(ञ) अन्तःशुल्क ऐन, नियमावली बमोजिम चुरोटको बट्टामा अन्तःशुल्क स्टिकर टास्नु पर्दछ। अन्तःशुल्क निर्देशिका अनुसार चुरोटको बट्टामा स्टिकर लगाउँदा बट्टा नखोलेसम्म अर्थात् प्रयोग नगरेसम्म नच्यातिने वा नउक्किने गरी लगाउनुपर्ने भएकोले बट्टा खोल्दा अन्तःशुल्क

स्टिकर च्यातिने गरी लगाउनु पर्दछ। चुरोट उत्पादकले उपरोक्त कानूनहरुको पूर्ण पालना गर्नुपर्दछ। तर, २०७१ सालको निर्देशिकामा लेखिए बमोजिमको ९० प्रतिशतको व्यवस्था लागू गर्ने हो भने उपरोक्त सूचना तथा जानकारीहरु चुरोटको बट्टामा उल्लेख गर्न सक्ने अवस्था नै हुँदैन। उल्लेख नै गरे पनि स्थानाभावले गर्दा उपभोक्ताहरुले बुझ्न नसक्ने, बुझ्न कठिन हुने भएकोले उपभोक्ताको अधिकार नै कुण्ठित हुन जान्छ।

(ट) रिट निवेदक एक्सन नेपालले सम्मानित अदालतलाई भ्रमित गर्ने कोशिष स्वरुप आफ्नो रिट निवेदनमा सर्भेक्षणको सन्दर्भ उल्लेख गरेको छ। निजको सर्भेक्षणको नतिजा पूर्णरुपमा गलत र भ्रामक छ। चेतावनीमूलक सन्देश तथा घातक चित्र छापेपछि सुर्तिजन्य पदार्थको उपभोग घटेको भन्ने निजको निष्कर्ष गलत भएको कुरा सूर्य नेपाल लगायतका यस क्षेत्रका उद्योगहरुको बिक्री तथ्याङ्कबाट नै स्पष्ट हुन्छ, सूर्य नेपालको आ.ब.२०६८।६९ देखि २०७३।७४ सम्मका आर्थिक विवरणहरुको फोटोकपी अनुसूची ५ मा संलग्न छ। सुर्तिजन्य वस्तुको उपभोगलाई चेतावनीमूलक सन्देश र घातक चित्रहरुबाट कम गर्न नसकिने र यसको लागि सरकारले अरु नै उपायहरु अपनाउनुपर्ने कुरा यसैबाट पुष्टि हुन्छ। सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट आदिमा ७५ प्रतिशत भाग ओगट्ने गरी चेतावनीमूलक सन्देश र चित्रहरु छाप्ने ऐनको व्यवस्था र २०६८ सालको निर्देशिका सुर्तिजन्य वस्तुको उपभोगलाई कम गर्ने उद्देश्यमा प्रभावकारी नभएको सन्दर्भमा बिना अध्ययन, अनुसन्धान ९० प्रतिशत वा १०० प्रतिशत बनाउनुको कुनै औचित्य छैन, रिट निवेदकहरुले कुनै औचित्य स्थापित गर्न सकेका छैनन्। अन्तराष्टिय गैरसरकारी संस्थाको निहित स्वार्थ पूरा गर्न आर्थिक सहायता लिई रिट निवेदन लिई आउने रिट निवेदकहरुलाई अदालतले मद्दत गर्न सक्दैन।

(ठ) अतः अधिवक्ता हुतराज कोइराला समेतले सूर्य नेपाल प्रा.लि. समेतलाई विपक्षी बनाई दायर गर्नुभएको रिट निवेदन खारेज हुनुपर्ने भनी यो बहसनोट पेस गर्दछौं। उक्त रिट निवेदन र अन्य दुईवटा निवेदनहरु ०७१-WO-०५९९ र ०७२-WO-०६६२ नं.को विषयवस्तु एउटै भएकोले ती दुई रिट निवेदनहरुमध्ये पर्फेक्ट व्लेन्ड्स प्रा.लि.ले दायर गरेको रिट निवेदन नं. ०७१-WO-०५९९ मागबमोजिम आदेश जारी हुनुपर्ने र एक्सन नेपालले दायर गरेको रिट निवेदन नं. ०७२-WO-०६६२ मा रिट निवेदन खारेज हुनुपर्ने बहस जिकिर प्रस्तुत गर्दछौं भन्ने बहसनोट पेस गरेको पाइयो।

आदेश खण्ड

२८. नियमबमोजिम पेसी सूचीमा चढी आज यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदक मध्येका विद्वान् अधिवक्ता श्री डिल्लीप्रसाद न्यौपाने तथा विद्वान् अधिवक्ता श्री राधिका लामिछानेले निवेदनमा उल्लेख भएको विषयवस्तु स्वास्थ्यसँग सम्बन्धित विषय रहेको छ। सुर्तिजन्य पदार्थको बट्टा, ऱ्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका २०६८ लाई खारेज गरी २०७१ मा नयाँ निर्देशिका जारी भएको हो। उक्त निर्देशिका २०७१।०७।१३ मा जारी भयो। उक्त मितिले १८० दिनपछि निर्देशिका लागू हुने भनिएको छ। आयात हुने सुर्तिजन्य पदार्थको हकमा यो निर्देशिका लागू भएको छ। नेपाली उद्योगीले यसलाई वेवास्ता गरेको देखिन्छ। सुर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन,२०६८ को दफा ९(१) मा मन्त्रालयले तोकेबमोजिम र ऐ.को दफा ९(२) मा मन्त्रालयले उपदफा (१) बमोजिम कम्तीमा ७५ प्रतिशतभन्दा बढी हुने गरी समय समयमा चेतावनीमूलक सन्देश र चित्र थप गर्न सक्नेछ भनिएको छ। प्रस्तुत ऐनको दफा ९(२) बमोजिम निर्देशिका लागू भएको हो। सोबमोजिम नभएमा सूर्तिजन्य पदार्थ माथि प्रतिबन्धसमेत लगाउनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

२९. निवेदककै तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ज्योति बाँनियाले सुर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन,२०६८ को दफा ९ को विषय व्याख्या भइसकेको छ। प्रस्तुत निर्देशिका कार्यान्वयन नगरी ढिलाई गर्ने काम भयो। WHO ले यो वर्ष Tobacco Falt sheet मा ८० लाख मान्छे धुम्रपानबाट मर्ने भनेको छ। जनस्वास्थ्य सेवा ऐन,२०७५ को दफा ४५ मा जनस्वास्थ्यलाई प्रभावित पार्ने मदिरा, चुरोट, सुर्ति तथा सुर्तिजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न प्रतिबन्ध लगाएको छ। विपक्षी उद्योगहरु प्रस्तुत निर्देशिका बदर गरिपाउँ भनी Ultra viras मा आउन पर्नेमा सो अवस्था छैन। प्रस्तुत मुद्दामा व्यवसाय र जनस्वास्थ्यको बिचको द्वन्द्वको बारेमा व्याख्या गर्नुपर्ने अवस्था छ। प्रस्तुत मुद्दामा निर्देशिका प्रभावकारी ढंगले लागू होस् भन्ने माग रहेको छ। FCTC - Convention को नेपाल सन् २००६ मा पक्ष राष्ट्र भइसकेको छ। कति प्रतिशत चेतावनी मूलक सन्देश र चित्र तोक्ने भन्ने कुरा उत्पादकको अधिकार होइन यो अधिकार मन्त्रालयको विषय हो। यो राष्ट्रहरुको आवश्यकताको कुरा हो। यो व्यक्तिको बाँच्न पाउने अधिकारको विषय हो। जनस्वास्थ्यको विषय भएको हुँदा हानिकारक सुर्तिजन्य पदार्थ उत्पादन गर्न पाउनुपर्ने र सरकारले तोकेको

चेतावनीको सन्देश विना बेच्न पाउनुपर्ने भन्ने मौलिक हक हुन नसक्ने भएकोले यस्ता उत्पादनलाई निरुत्साहित गरेको हो भनी बहस प्रस्तुत गर्नुभयो।

३०. विपक्षी सूर्य नेपाल प्रा.लि.का तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री तुलसी भट्ट, वरिष्ठ अधिवक्ता श्री सतिषकृष्ण खरेल, वरिष्ठ अधिवक्ता श्री बालकृष्ण ढकाल र वरिष्ठ अधिवक्ता श्री महेशकुमार थापा तथा विद्वान् अधिवक्ता श्री नारायण नेपालले रिट निवेदकको निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नभएको र लिखित बहसमा उल्लिखित आधार प्रमाणबाट रिट निवेदकको निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

३१. विपक्षी प्रफेक्ट ब्लेण्डको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री देवेन्द्रप्रसाद न्हुच्छे प्रधान, वरिष्ठ अधिवक्ता श्री इश्वरीप्रसाद भट्टराई, वरिष्ठ अधिवक्ता श्री सुरेन्द्रकुमार महतो र वरिष्ठ अधिवक्ता मेघराज पोखरेल तथा विद्वान् अधिवक्ताहरु श्री तेजेन्द्र गिरी, श्री अमरजीवि घिमिरे, श्री शीर्षक घिमिरे र श्री कल्याण बल्लभ पन्तले सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स पेटी तथा पार्सल, प्याकेजिंगमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ को दफा ३ समेतमा रहेको व्यवस्था सुर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ को दफा ९ समेतको प्रतिकूल रहेकोले सो बदरका लागि यसै अदालतमा ०७१-WO-०५९९ को रिट निवेदन गरी आजै यसै लगाऊको पेसीमा रहेको हुँदा सो निवेदनमा उल्लिखित बुँदा प्रमाण र कानून समेतको आधारमा प्रस्तुत निवेदन ग्रहणयोग्य नहुँदा खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

३२. यसमा रिट निवेदन, विपक्षीहरुबाट पेश भएको लिखित जवाफ र दुवै तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरुको लिखित बहस नोट, बहस जिकिर तथा मिसिल अध्ययन गरी हेर्दा निम्न विषयमा निर्णय दिनुपर्ने देखियो।

क) रिट निवेदकलाई निवेदन दिने हकदैया छ,छैन?

ख) सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स, प्याकेट, पेटी तथा पार्सल, प्याकेजिंगमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ ले गरेको समग्र व्यवस्थाका साथै कम्तीमा ९० प्रतिशत भागमा चेतावनीयुक्त चित्र तथा सन्देश हुनुपर्ने भन्ने व्यवस्था कानून सम्मत छ वा छैन ?

ग) निवेदन मागबमोजिम परमादेश जारी हुनुपर्ने हो वा होइन?

३३. निवेदकलाई प्रस्तुत रिट निवेदन गर्ने हकदैया पुग्छ, पुग्दैन भनी ठहर गर्नुपर्ने पहिलो प्रश्नतर्फ विचार गर्दा सुर्तिजन्य पदार्थको उत्पादन, आयात र बजारीकरणले यसको उपभोगको मार्ग प्रशस्त गरेको छ। सुर्तिजन्य पदार्थको सेवनले व्यक्तिको स्वास्थ्यसंगै सार्वजनिक जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने तथ्यमा सायदै कसैको विमती रहन सक्छ। यस्ता पदार्थलाई नियन्त्रण र नियमन गर्न जारी भएको सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स, प्याकेट, पेटी तथा पार्सल, प्याकेजिंगमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ को प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा सो नभई रहेकोले सरोकारवालाहरुबाट जिम्मेवारी पुरा गराईयोस् भन्ने जिकिर रहेको विषय जनस्वास्थ्यसंग सम्बद्ध सार्वजनिक हित र सरोकार निहित रहेको विषयवस्तु हो भन्ने तथ्य आफैमा स्वतसिद्ध रहेको देखिन्छ। यो निर्देशिका जारी हुंदा कायम रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(१)मा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकको सुनिश्चितता गरिएकोलाई नेपालको संविधान(२०७२) को धारा ३० ले निरन्तरता दिई र स्वस्थ वातावरणमा बाच्न पाउने हक रहने व्यवस्था गरेकोलाई सुर्तिजन्य पदार्थको बढ्दो उपभोगले आघात पुऱ्याउनुका साथै अन्य मौलिक एवं कानूनी हक उपभोग गर्नमा समेत प्रत्यक्ष र अप्रत्यक्ष असर पुऱ्याउने देखिंदा त्यस्तो सार्वजनिक सरोकार निहित रहेको विषयमा जुनसुकै नेपालीले सरोकार राख्न सक्ने हुंदा त्यसको प्रभावकारी कार्यान्वयन भए नभएको विषयमा सार्थक सरोकार राख्न सक्ने हकदैया निवेदकहरुले राख्दैनन् भन्न मिल्ने देखिदैंन। यस्ता प्रत्यक्षतः सार्वजनिक स्वास्थ्य र हितको विषयमा सरोकार राखी अदालत प्रवेश गर्न सकिने भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) र नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ मा व्यवस्था गरी सर्वोच्च अदालतको क्षेत्राधिकारभित्र राखिएकोमा सोही बमोजिम अधिवक्ताद्वय श्री डिल्ली प्रसाद न्यौपाने र श्री हुतराज कोइरालाले आफ्नो समेतको मौलिक र अन्य जनस्वास्थ्यसंग सरोकार राख्ने ऐनका व्यवस्थावाट संरक्षित कानूनी हक दुवैको प्रचलनका लागि प्रभावकारी उपचार खोजी गर्न प्रस्तुत रिट निवेदन दर्ता गरेको देखिंदा निवेदकहरुको प्रस्तुत रिट निवेदन हकदैया विहिन रहेको भन्न मिल्ने देखिएन।

३४. अब, दोस्रो प्रश्नतर्फ विचार गर्दा, रिट निवेदकहरुले निवेदनमा विपक्षीहरुले सरकारद्वारा जारी भएको सुर्तिजन्य पदार्थ बट्टा, प्याकेट, च्यापर्स, पेटी, तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ प्रभावकारी रुपमा लागू नगरेकोले सो निर्देशिका प्रभावकारी रुपमा लागू गर्नु तथा सो निर्देशिका विपरीत सुर्तिजन्य पदार्थ बिक्री

वितरण एवं उत्पादन नगर्नू नगराउनू, निर्देशिका विपरीत उत्पादित सुर्तिजन्य पदार्थ मानव स्वास्थ्यको लागि घातक भएको हुँदा सरकारद्वारा जारी निर्देशिकाको पालना नगरी बजारमा रहेका सुर्तिजन्य पदार्थहरुलाई अविलम्ब बजारबाट हटाउनू भनी परमादेश लगाएत उपयुक्त आज्ञा आदेशको माग गरेको देखियो। विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेतको तर्फबाट पेस भएको लिखित जबाफमा नेपाल सरकार सर्वसाधारण नागरिकको जनस्वास्थ्य प्रति संवेदनशील रहदै सुर्तिजन्य पदार्थको नियन्त्रणका लागि बनेका ऐन, नियम र निर्देशिका कार्यान्वयन गराउने कुरामा प्रतिबद्ध रहेको, सोही अनुसार प्रभावकारी रुपमा यी नियम र निर्देशिका कार्यान्वयन गर्दै आएको छ, यस्ता पदार्थको उत्पादन, बिक्री लगायतका विषयमा सालबसाली रुपमा अन्तःशुल्क लगाउने र राजस्वका दर वृद्धि गर्ने नीतिसमेत सरकारले लिएको हुंदा निवेदकहरुले ऐन, नियम तथा निर्देशिकाको यो व्यवस्था सरकारले कार्यान्वयन गर्न नसकेको वा कार्यान्वयनमा तत्परता नदेखाएको भनी प्रष्ट रुपमा भन्न र देखाउन सक्नुभएको छैन भन्ने रहेको देखियो। विपक्षी स्वास्थ्य मन्त्रालयको तर्फबाट यस मन्त्रालयले जारी गरेको निर्देशिकाबमोजिम काम भए नभएको निरीक्षण गर्न निरीक्षकसमेत तोकी ऐन तथा निर्देशकाको व्यवस्था पूर्ण पालनाको लागि यथेष्ट कारवाही भएको भन्ने र विपक्षी उद्योग मन्त्रालयबाट मातहतका विभाग तथा विकास समितिमा पत्राचार भइरहेको, नेपाल सरकारको कार्यविभाजन नियमावलीबमोजिम उद्योगी र सरकारी निकायका बिच सेतुका रुपमा काम गरिरहेको भन्नेसमेत देखियो। विपक्षी अर्थ मन्त्रालयबाट साल बसाली अन्तशुल्क लगाउने र राजश्वको दर क्रमश बढाउँदै लागिएको र रिट निवेदन जिकिर अनुरुप नै सुर्तिजन्य पदार्थको प्रयोगलाई क्रमशः घटाउँदै लगी जनस्वास्थ्य प्रति यसबाट पर्ने असर र प्रभावलाई कम गर्ने दिसामा सक्रियता पूर्वक लागिरहेको भन्ने र विपक्षी गृह मन्त्रालयबाट कानून कार्यान्वयन गर्ने गराउने जिम्मेवारी प्रति मन्त्रालय प्रतिवद्ध रहेको भन्नेसमेतको लिखित जवाफ परेको देखिन्छ। विपक्षी सुर्तिजन्य पदार्थ उत्पादक कम्पनी प्रफेक्ट ब्लेण्ड प्रा.लि.बाट पेस भएको लिखित जबाफमा आफूहरुले सुर्तिजन्य पदार्थ बट्टा, प्याकेट, च्यापर्स, पेटी, तथा पार्सल, प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ का प्रावधान सुर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ को दफा ९ समेतको प्रतिकूल रहेकोले सो बदरका लागि यसै अदालतमा ०७१-WO-०५९९ को रिट निवेदन गरी आजै यसै लगाऊमा पेसीमा रहेको हुँदा सो निवेदनमा उल्लिखित बुँदा प्रमाण र कानून समेतको आधारमा प्रस्तुत निवेदन खारेज गरिपाउँ

भनी उल्लेख गरेको देखियो। अर्को विपक्षी सुर्तिजन्य पदार्थ उत्पादक कम्पनी सूर्य नेपाल प्रा.लि.ले सुर्तिजन्य पदार्थ बट्टा, प्याकेट, च्यापर्स, पेटी, तथा पार्सल, प्याकेजिङ्गमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ ले व्यवस्था गरेका प्रावधान कार्यान्वयनमा आउन सक्ने अवस्थामा नभएको, यस निर्देशिकाले नेपाली सुर्ति किसानलाई प्रत्यक्ष प्रभाव पर्ने र देशको राजश्वमा पनि गम्भीर असर पर्ने हुँदा परमादेश जारी गर्न नमिल्ने भनी लिखित जबाफ पेस गरेको देखियो। त्यसै गरी विपक्षी देउती गुटखा इन्डष्ट्रिजले आफूले नेपाल सरकारद्वारा जारी नीति निर्देशनसमेतको पूर्ण पालना गरिरहेको, उद्योगले पालना पर्ने नियम पालन गरे नगरेको भन्ने कुरा रिटको क्षेत्राधिकार भित्र नपरी उजुर सुन्ने निकायले प्रमाण बुझी ठहर गर्नुपर्ने विषय भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेतको अलग अलग लिखित जवाफ पेश भएको देखियो।

३५. वस्तुतः प्रस्तुत रिट निवेदनमा उठाईएको अधिकांश विषयवस्तु र सोको प्रतिवादमा विपक्षी सुर्ति उत्पादक कम्पनीहरुले पेश गरेको जिकिरहरुको सम्बन्धमा यस अदालतको विशेष इजलासबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनसमेतको रोहमा विवेचना गरी मिति २०७०।०९।१४ मा विस्तृत व्याख्या भईसकेको देखिन्छ। विपक्षी सूर्य नेपाल प्रा.लि. समेत सुर्तिजन्य उत्पादक कम्पनी र सम्बन्धित व्यक्तिहरु निवेदक रहेको (०६८-WS-००२२, ०६८-WS-००२३, ०६८-WS-००२४, ०६८-WS-००२६, ०६८-WS-००२७, ०६८-WS-००२८, ०६८-WS-००३०, ०६८-WS-००३१, ०६८-WS-००३७, ०६८-WS-००६९, ०६८-WS-०००३, ०६९-WO-००१२) रिट निवेदनहरुमा सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ का कतिपय प्रावधानहरु तथा सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंङ्कित गर्ने निर्देशिका, २०६८ ले संविधान प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाएको हुंदा बदर गरिपाँऊ भन्ने मागदावी खारेज गरी " सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा १(२), ७(१)(क), ८(१), ९(१), ११(१)(३), १७(५)(ख) नेपाल सरकार, स्वास्थ्य मन्त्रालयबाट जारी सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंङ्कित गर्ने निर्देशिका, २०६८ एवम् सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम ३(२)(ग) र ३(४), ५, ६(क), ७, ८(१)(क) र (ख), ९, ११(१)(ख), १३, १५(च), १८ र

१९(२) निवेदकहरुको जिकिर बमोजिम नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३, १९ र २४(९) संग बाझिएको नदेखिंदा निवेदक मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन आएन" भनिएको छ(ने.का.प. २०७१ अंक २ नि.न ९१२०, पृष्ठ १७३)।त्यसैगरी सोही दिन विशेष इजलासबाट यहि ऐन, नियमावली र निर्देशिका प्रभावकारी रुपमा कार्यान्वयन गरी यसमा रहेका प्रावधान विपरितका उत्पादित सुर्तिजन्य पदार्थहरु अबिलम्ब बजारबाट हटाईयोस् भन्ने निवेदन माग भएको अधिवक्ता ज्योति बानिया समेत विरुद्ध नेपाल सरकार (०६८-WO-०३८३) को रिट निवेदनमा " धुम्रपान तथा सुर्तिसेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानीकारक भएको र सर्वसाधारण जनताको स्वच्छ वातावरणमा बाँच्न पाउने स्वास्थ्यसम्बन्धी हकको प्रत्याभूती हुने कार्य राज्यले निर्वाह गर्नुपर्ने हुंदा सर्वसाधारण जनताको स्वास्थ्यसंग प्रत्यक्षरुपमा प्रभाव पार्ने सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ , स्वास्थ्य मन्त्रालयबाट जारी गरिएको सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंङ्कित गर्ने निर्देशिका, २०६८ एवंम् सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ मा उल्लिखित कानूनी व्यवस्थाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी राज्यले आफ्नो दायित्व पूरा गर्न तत्परता देखाउनुपर्ने हुन्छ," भन्दै "समग्रमा उल्लिखित संवैधानिक व्यवस्था, यस अदालतवाट प्रतिपादित सिद्धान्त एवम् धुम्रपान निषेध गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धीसमेतको मर्म र भावना अनुरुप निर्मित सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८, स्वास्थ्य मन्त्रालयबाट जारी सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंङ्कित गर्ने निर्देशिका, २०६८ एवंम् नेपाल सरकारबाट निर्मित सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ लाई तत्काल प्रभावकारीरुपमा कार्यान्वयन गर्नु, गराउनु सो विपरितका उत्पादित सुर्तिजन्य पदार्थहरुलाई अबिलम्ब बजारबाट हटाउनु भनी विपक्षीहरुको नाँऊमा परमादेशको आदेश जारी हुने ठहर्छ" भनिएको देखियो (ने.का.प. २०७१ अंक ३ नि.न. ९१३२ पृष्ठ ३०५)।

३६. यस अदालतको तीन सदस्यीय विशेष अदालतबाट भएको उल्लिखित व्याख्या सहितको निर्णयबाट सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८, सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ र नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट जारी सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक

सन्देश र चित्र छाप्ने तथा अंङ्कित गर्ने निर्देशिका, २०६८ (यस पछि २०६८ को निर्देशिका भनिने) नेपालको अन्तरिम संविधान, २०६३ र नेपालसमेत पक्ष रहेको सुर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धी विश्व स्वास्थ्य संगठन (World Health Organization- WHO) को Framework Convention on Tobacco Control (FCTC) को प्रतिकुल नरहेको स्पष्ट भईसकेको हुंदा सो सम्बन्धमा थप विवेचना गरिरहनु परेन। यी कानूनी व्यवस्थामा मूलतः ऐन, नियम र २०६८ को निर्देशिकाले सुर्तिजन्य पदार्थको लेबुल वा प्याकेटको बाहिरी कुल भागको ७५ प्रतिशत भाग ओगट्ने गरी चेतावनीमूलक सन्देश वा चित्र अङ्कित हुनुपर्ने गरी नमुना सहितको व्यवस्था गरेको प्रावधान संविधान, ऐन, नियम र अन्तराष्ट्रिय कानूनी व्यवस्था अनुकुल रहेको मानिएको हुंदा सो बमोजिम कार्यान्वयन भएकोमा समेत विवाद रहेको देखिएन। यसै बिच सुर्तिजन्य पदार्थको नियन्त्रण र नियमनलाई अझ कडाईका साथ कार्यान्वयन गर्न २०६८ को निर्देशिका खारेज गरी स्वास्थ्य मन्त्रालयले २०७१।०७।१३ मा सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंङ्कित गर्ने निर्देशिका, २०७१ (यसपछि " २०७१ निर्देशिका" भनिने) जारी गरि मिति २०७२।०२।०१ बाट लागु गर्ने निर्णय भएको देखियो। २०७१ को निर्देशिकामा २०६८ को निर्देशिकामा रहेको सुर्तिजन्य पदार्थको लेबुल वा प्याकेटको बाहिरी कुल भागको ७५ प्रतिशत भाग ओगट्ने गरी चेतावनीमूलक सन्देश वा चित्र अंकित हुनुपर्ने व्यवस्थामा थपगरी ९० प्रतिशत भाग ओगट्ने भन्ने व्यवस्था गरेकोमा सो तत्काल प्रभावकारी ढंगले कार्यान्वयन हुनुपर्ने भन्ने रिट निवेदकको माग रहेको छ भने विपक्षी सुर्ति उत्पादक कम्पनीहरुको मूलतः यसैमा विपती रहेको पाईयो।

३७. रिट निवेदनमा उठाईएको विषय र त्यस सम्बन्धमा विपक्षी सुर्तिजन्य पदार्थ उत्पादक कम्पनीको प्रतिवादको सम्बन्धमा विवेचना गर्दा यस विषयमा रहेको कानूनी व्यवस्था बारेमा चर्चा गर्नुपर्ने देखियो। सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९ को उपदफा (१) मा "उत्पादकले सुर्तिजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सुर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता बेहोराको मन्त्रालयले तोकेबमोजिम चेतावनीमूलक सन्देश र सुर्तिजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नुपर्नेछ" भन्ने व्यवस्था गरेको छ। ऐनको यो व्यवस्थामा ७५ प्रतिशत सम्म भन्ने व्यवस्था नरहि कम्तीमा ७५ प्रतिशत भनिएको छ।जसको अर्थ

सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी भागमा कम्तीमा ७५ प्रतिशत र सो भन्दा माथि जतिसुकै प्रतिशत चेतावनी मूलक सन्देश वा चित्र अंकित गर्न गराउन सकिने अवस्थालाई ऐनको यो प्रावधानले वैधानिकता प्रदान गरेको देखिन्छ। सोही ऐनको उपदफा (२) मा "मन्त्रालयले उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह समय समयमा थप गर्न सक्नेछ" भन्दै उपदफा (३) मा आयातकर्ताले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नभएको सुर्तिजन्य पदार्थ आयात गर्न पाउने छैन" भन्ने व्यवस्था गरेको छ। त्यस्तै, सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा २७ ले उक्त ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारलाई आवश्यक नियम बनाउन सक्ने अधिकार दिएको छ। सोही बमोजिम जारी सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम ९ को उपनियम (१) मा मन्त्रालयले ऐनको दफा ९ बमोजिम तोकिएको चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह थप गर्न सक्ने व्यवस्था गरेको छ। ऐ. नियमावलीको नियम २३ मा मन्त्रालयले ऐन तथा नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ भन्ने व्यवस्था गरेको छ। सोही अनुरुप स्वास्थ्य मन्त्रालयद्वारा सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स पेटी तथा पार्सल, प्याकेजिंगमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ जारी गरी सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स पेटी तथा पार्सल, प्याकेजिंगको बाहिरी ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने प्रावधान राखेको देखिन्छ, जुन ऐन र नियमावलीको व्यवस्था प्रतिकुल रहेको मान्न सकिने देखिदैन।

३८. निवेदकले सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स पेटी तथा पार्सल, प्याकेजिंगमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ प्रभावकारी रुपमा लागू गर्नू गराउनू र सो प्रावधान विपरीतका सुर्तिजन्य उत्पादन बजारबाट हटाउनू/ हटाउन लगाउनू भनी निवेदनमा माग गरेको पाइन्छ। सो सम्बन्धमा सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स पेटी तथा पार्सल, प्याकेजिंगमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ को दफा ३, ४, ५, ६, ७ मा रहेको समग्र प्रावधान हेर्दा निम्न लिखित व्यवस्था गरेको देखिन्छः

(क) निर्देशिकाको दफा ३ मा "ऐनको दफा ९ को उपनियम (१) र नियमावलीको नियम ९ को उपनियम (१) बमोजिम "उत्पादकले सुर्तिजन्य पदार्थको बट्टा, च्यापर्स प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा नब्बे

प्रतिशत भागमा सुर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने लगायतका चेतावनीमूलक सन्देश र सुर्तिजन्य पदार्थ सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अंकित गर्नुपर्नेछ" भनी र ऐ.को दफा २ मा "उपदफा (१) बमोजिम घातक रङ्गिन चित्र र चेतावनीमूलक सन्देश चुरोट, बिडी, खैनी, सुर्ति र गुट्खा जस्ता सुर्तिजन्य पदार्थको भित्री वा बाहिरी प्रत्येक बट्टा, प्याकेट, च्यापर्स पेटी, पार्सल र प्याकेजिंगमा छाप्नु तथा अंकित गर्नुपर्नेछ" भन्ने व्यवस्था गरेको छ।

(ख) निर्देशिकाको दफा ४ को उपदफा (१) मा दफा ३ बमोजिम उत्पादकले चुरोटको बट्टा प्याकेट र च्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा देहायबमोजिम घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नुपर्ने छ भनी राख्नुपर्ने चित्र सन्देश र सन्देश राख्ने भागको बारेमा उल्लेख गरेको छ। ऐ.को उपदफा (२) मा उत्पादकले छपाइ गर्ने प्रत्येक व्याचमा चुरोटको कुल जम्मा बट्टा, प्याकेट र च्यापर्स मध्येमा उपदफा (१) बमोजिमका पाँच वटा घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश चुरोटको बट्टा, प्याकेट र च्यापर्समा बिस बिस प्रतिशत संख्यामा समानुपातिक तबरले छाप्नु तथा अंकित गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ। ऐ.को उपदफा (३) मा चुरोटको बट्टा, प्याकेट र च्यापर्सको सहायक माथिल्लो भाग (side pack-upper part) मा सुर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धुम्रपानले ज्यान लिन्छ भन्ने चेतावनीमूलक सन्देश, सहायक दायाँ भाग (side pack-right part) मा धुम्रपानमा नाइट्रोसोमाइन र बेन्जोपाइरिन जस्ता क्यान्सरको कारक तत्त्वहरु हुन्छन, धुम्रपान गर्न छोडौं भन्ने चेतावनीमूलक सन्देश र सहायक बायाँ भाग (side pack-left part) मा धुम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साइडले मुटु र फोक्सोको रोग लाग्छ, धुम्रपान गर्न छोडौं भन्ने चेतावनीमूलक सन्देश छाप्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ। त्यसैगरी उपदफा (४) मा सन्देश लेखिने फन्ट, उपदफा (५) मा सन्देशमा लेखिने अक्षरको आकारको बारेमा, उपदफा (६) मा सन्देशमा लेखिने अक्षरको रंगको बारेमा र उपदफा (७) मा सन्देश लेखिने पृष्ठभूमिको रंगको बारेमा उल्लेख गरेको छ।

(ग) निर्देशिकाको दफा ५ मा दफा ३ बमोजिम उत्पादकले बिडीको बट्टा, प्याकेट र च्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा घातक

रंगिन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नुपर्छ भनी रंगीन चित्रसमेत दिएको छ।

(घ) ऐ. निर्देशिकाको दफा ६ मा दफा ३ बमोजिम उत्पादकले खैनी, सुर्ति, गुट्खा जस्ता सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ।

(ङ) ऐ. निर्देशिकाको दफा ७ मा दफा ३ बमोजिम उत्पादकले चुरोट, बिडी, खैनी, सुर्ति र गुट्खा जस्ता सुर्तिजन्य पदार्थको बट्टा र प्याकेट राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ।

उल्लिखित चेतावनीमूलक सन्देशयुक्त चित्रात्मक व्यवस्थाबाट सुर्तिजन्य पदार्थ सेवनकर्ता, सम्भावित सेवनकर्ता र आम मानिसहरुलाई यस्ता वस्तुको प्रयोग गर्नाले स्वास्थ्यमा हुने गंम्भीर हानी नोक्सानी सम्बन्धमा जागरुक र सचेत गराउँदछ। तसर्थ, सुर्तिजन्य पदार्थको प्याकेजिङ्ग र लेबलको अधिकांश भागमा स्वास्थ्यसँग सम्बन्धित चित्रात्मक चेतावनीमूलक सन्देश राख्नुपर्ने बाधात्मक व्यवस्था उल्लिखित निर्देशिकाले गरेको पाइयो।

३९. प्रत्यार्थी सूर्य नेपाल प्रा. लि. ले आफ्नो लिखित जवाफमा सुर्तिजन्य पदार्थको बाहिरी भागको ९०प्रतिशत भागमा चेतावनीमूलक सन्देश चित्रहरु राख्नु पर्नाले खुलारुपमा व्यापार व्यवसाय गर्न पाइने अवस्थालाई निरुसाहित गरी व्यापारसम्बन्धी अन्तराष्ट्रिय कानूनसमेतको उंल्लघन भएको भन्ने जिकिरका सम्बन्धमा हेर्दा, अन्तराष्ट्रिय व्यापारलाई व्यवस्थित र नियमित गर्ने, Agreement on Technical Barriers to Trade (TBT) को Article २.२ को व्यवस्थाले सदस्य राष्ट्रहरुले अन्तराष्ट्रिय व्यापारमा अनावश्यक अवरोधहरु सिर्जना गर्न नहुने भनिएको भए तापनि राष्ट्रिय सुरक्षा, मानव स्वास्थ्यको संरक्षण वा सुरक्षा, जनावर वा वनस्पतिको रक्षा र वातावरणको जोखिमहरु मूल्याङ्कन गरी त्यस्ता कुराहरुलाई विचार गर्नुपर्ने भनिएको छ। त्यस्तै, General Agreement on Tariffs and Trade (GATT) XX(b) मा अपवादहरुको व्यवस्था अनुरुप मानव, जनावर वा वनस्पतिको जीवन र स्वास्थ्य जोगाउन आवश्यक छ भने व्यापारमा प्रतिबन्ध लगाउने उपायहरु अपनाउन सकिन्छ भनिएको छ। यसै सन्दर्भमा, World Trade organization(WTO), Treaty on trade related aspects of intellectual property(TRIPS),

जस्ता अन्तराष्ट्रिय व्यापार र बैद्धिक सम्पत्ति सम्बन्धी अन्तराष्ट्रिय कानूनको मूल उद्देश्य भनेको व्यक्तिको बाँच्न पाउने मौलिक हकलाई गंम्भीर क्षति पुग्ने गरी व्यापार व्यवसाय गर्न पाउनु पर्दछ भन्ने रहेको पाइदैन भने ट्रेडमार्कको अवैध प्रयोगलाई रोक्नु रहेको पाईन्छ। यी कानूनहरुले ठूलो चित्रात्मक सहितको स्वास्थ्य चेतावनीहरुले ट्रेडमार्कका मालिकहरुको अधिकारलाई कुनै असर गरेको छ भन्ने अर्थ गर्न मिल्ने देखिदैंन। यस्ता उपायहरुले व्यापारलाई केही हदसम्म कमी वा नियन्त्रण गर्न सक्दछन। तर The General Agreement on Tariffs and Trade (GATT) र WTO agreement on technical barrier to trade (TBT) ले जनस्वास्थ्यमा यस्ता कुरालाई अपवादको रुपमा स्वीकार गरेको पाइन्छ। जस्तै GATT को दफा १३ ले स्वास्थ्य जोगाउन आवश्यक छ भने व्यापारमा प्रतिबन्ध लगाउने उपायहरु अपनाउन सकिन्छ भनिएको छ[1]।

४०. मानव स्वास्थको संरक्षण र सुरक्षासंगै वनस्पति र जनावर जोगाउन आवश्यकतानुसार अन्तराष्ट्रिय व्यापारमा नियन्त्रण वा प्रतिबन्ध लगाउन सकिने उल्लिखित अन्तराष्ट्रिय व्यापार सम्बन्धी कानूनी व्यवस्था जस्तै सर्वसाधारण जनताको स्वास्थ्यको रक्षाको लागि व्यक्तिको मौलिक हकको रुपमा संविधानले सुनिश्चिता गरेको स्वतन्त्रताको हक अन्तर्गत पेशा, रोजगार, उद्योग र व्यवसाय गर्ने स्वतन्त्रतामा रोक लगाउन सकिने व्यवस्था नेपालको अन्तरीम संविधान,२०६३ को धारा १२(३) को (च) को (५) मा रहेको पाइन्छ।ऐ.संविधानको धारा १२(३)(च) ले ग्यारेन्टी गरेको पेशा, रोजगार, उद्योग र व्यवसाय गर्ने स्वतन्त्रतालाई उक्त उपधाराले नियन्त्रण गरेको व्यवस्थासंग मिल्ने व्यवस्था २०७२ सालमा संविधानसभाबाट जारी वर्तमान नेपालको संविधानको भाग ३ मा स्वतन्त्रताको हक अन्तर्गत धारा १७ को उपधारा (१) को देहाय (च) मा प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ भनी उल्लेख गरिएकोबाट प्रष्ट हुन्छ। तर उक्त स्वतन्त्रता निरपेक्ष नभई कानूनबमोजिम शर्त तोक्ने गरी उक्त धाराको देहाय (६) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख गरेको देखिन्छ। संविधानको उक्त प्रतिबन्धात्मक वाक्यांशको देहाय (६) मा खण्ड (च) को कुनै कुराले संघीय इकाइबिचको सुसम्बन्धमा खलल् पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै पेशा, रोजगार, उद्योग

[1] World Health Organization. Regional Office for Europe. (2014). Evidence brief: how large pictorial health warnings on the packaging of tobacco products affect knowledge and behaviour. page 5

व्यापार वा व्यवसाय गर्नको लागि कुनै शर्त वा योग्यता तोक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन भन्ने व्यवस्था गरेको देखिन्छ। तसर्थ संविधानको उक्त व्यवस्थाबमोजिम सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नको लागि कुनै शर्त वा योग्यता तोक्ने गरी राज्यले कानून बनाउन सक्ने व्यवस्था प्रस्तुत धाराले गरेको देखिन्छ।यिनै संवैधानिक व्यवस्थाको अधिनमा रहि सुर्तिजन्य पदार्य नियन्त्रण सम्बन्धी ऐन, नियम र निर्देशिका जारी भएको हुंदा यस्ता कानूनी व्यवस्थालाई व्यापारमा अनावश्यक अवरोध सृजना गरेको मान्न मिल्ने देखिदैन।

४१. प्रत्येक नागरिकले स्वस्थकर जीवन निर्वाह गर्न पाउनु पर्दछ यसका लागि राज्यले उचित नीति अवलम्बन गर्नु अपरिहार्य हुन जान्छ। सुर्तिजन्य पदार्थ यस्तो वस्तु हो जसको प्रयोगबाट प्रयोगकर्ताहरुलाई विभिन्न घातक रोग लाग्न सक्ने र त्यसैको कारण अकालमै मृत्युसम्मको अवस्थामा पुराउन सक्छ भन्ने जानकारी हुँदाहुँदै पनि कानूनी रुपमा यसको बिक्री हुँदै आएको छ। धुम्रपान तथा सुर्तिजन्य पदार्थको सेवनबाट मानिसलाई क्यान्सर रोग जस्तो प्राणघातक रोग लाग्न सक्ने लगायत अन्य धेरै रोग लाग्ने वा स्वास्थ्य समस्या सृजना हुने तथ्य प्रति कसैले इन्कार गर्न सक्दैन। यसको सेवनबाट खास गरी मानिसको मुख, गिजा, श्वासनली, दाँत, तथा फोक्सो, पेट, मृगौला, प्यानक्रियाज, ठूलो आन्द्रा, मुत्र थैली र पाठेघरको क्यान्सर जस्ता घातक रोग लाग्ने सम्भावना हुन्छ। त्यस्तै मुटु तथा रक्तनलीसँग सम्बन्धित रोग अन्धोपन, गिजा सुन्निने, दम, खोकी, निमोनिया, स्नायुतन्तुको क्षय, श्वास प्रणालीका दीर्घ रोग, नपुंसकता र बाझोपन बढ्ने, थकान, अनिद्रा, अपच, मुड डिस अर्डर जस्ता रोगको खतरा बढेर जाने। गर्भवती महिलाले धुम्रपान तथा सुर्तिजन्य पदार्थ सेवन गरेमा अपाङ्ग तथा मृत बच्चा जन्मिने सम्भावना रहने र सुर्तिजन्य पदार्थको प्रयोगबाट लाग्ने रोगबाट विश्वमा वार्षिक ८० लाख मानिसहरुको मृत्यु हुने गरेको World Health Organization (WHO) विश्व स्वास्थ्य संगठन को एक रिर्पोटले देखाएको छ।नेपालमा पनि औसत वार्षिक २७,१३६ मानिसहरु सुर्तिजन्य रोगबाट मृत्यु हुने गरेको र रु.४७.२ अर्ब प्रत्यक्ष तथा अप्रत्यक्ष आर्थिक भार राज्यलाई परिरहेको, जुन राष्ट्रको Gross Domestic Product (GDP) को १.८ प्रतिशत हुन आउने भनिएको छ[2]।

४२. WHO को Report on Evidence Brief, How large pictorial health warnings on the packaging

[2] Report of Nepal Development Research Institution (NDRI) Tobacco in Nepal: The current context tobacco control program (2019-2021)

of tobacco product affect knowledge and behavior अनुसन्धानमा सुर्तिजन्य पदार्थ विरुद्धको चेतनामूलक सन्देशले पार्ने सकारात्मक प्रभावका सम्बन्धमा, "मानिसले जानेर वा नजानेर धुम्रपानको कुलतमा फस्ने भएकोले धुम्रपान विरूद्ध सचेतना अभिवृद्धि गर्नु, धुम्रपानको प्रर्वद्धन हुने गरी सार्वजनिक प्रचार प्रसार गर्नु, सुर्तिजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी भागमा सुर्तिजन्य पदार्थ स्वास्थ्यको लागि अत्यन्तै हानिकारक छ भन्ने बेहोराको चेतावनीमूलक सन्देश एवम् सुर्तिजन्य पदार्थको सेवनको असरबाट हुने घातक रङ्गिन चित्र अनिवार्य रूपमा सुर्तिजन्य पदार्थ उत्पादन गर्ने कम्पनीलाई राख्न लगाउँदा धेरै प्रयोगकर्तालाई स्वास्थ्यप्रति सचेत हुन मद्दत गर्दछ। सुर्तिजन्य पदार्थको सेवनकर्ताले यस्ता तस्वीर देखेपछि उसको मस्तिष्कमा चुरोट खानुहुँदैन भन्ने कुरा गडेर बस्छ र ढिलो चाँडो ऊ यो कुलतबाट मुक्त हुन खोज्छ साथै युवा पिढीलाई धुम्रपान गर्नबाट निरूत्साहित गर्छ। सुर्तिजन्य पदार्थको प्याकेटसमेतमा त्यस्तो फोटो छापिएको देखि-देखि कोही पनि पहिलो चोटी चुरोट तथा सुर्ति सेवन गर्न तम्सिदैन। जनस्वास्थ्यमा हानिको सम्भावनालाई रोक्न वा कम तथा सुरक्षा एंव प्रवर्द्धन गर्न धेरै प्रकारका उत्पादनहरु सरकारको नियमनको अधीनमा हुन्छन। अझ सुर्ति, सुर्ति जस्ता अन्य वस्तु जसले मानिसको स्वास्थ्य, समाज तथा वातावरणमा प्रत्यक्ष र अप्रत्यक्ष असर गर्ने वस्तुको बिक्री गर्दा नागरिक जनस्वास्थ्य, समाज तथा वातावरणलाई कमभन्दा कम हानी नोक्सानी होउन् र कसरी जनचेतनाका माध्यामबाट यस्ता वस्तुको उपयोगमा कमी ल्याउन सकिन्छ भन्ने उपायको रुपमा सुर्तिजन्य पदार्थको प्याकेजिङ्ग र लेबलमा स्वास्थ्यसँग सम्बन्धित चेतावनीमूलक सन्देश राख्ने गरिएको पाइन्छ। उक्त अनुसन्धानले UK, Romania, Canada, Brazil जस्ता देशहरुमा ठुला चित्रात्मक स्वास्थ्य चेतावनीहरु प्याकेजिङ्ग, लेबल, प्याकेटमा राखिएको कारणबाट सुर्तिजन्य पदार्थको प्रयोगमा कमी आइरहेको र धेरै उपभोक्ताहरुले यस्ता पदार्थहरुको प्रयोग गर्न छाड्न चाहान्छन् भनिएको छ। सुर्तिजन्य पदार्थको प्रयोग तथा धुम्रपान रोक्न, कम गर्न ठूलो चित्रात्मक स्वास्थ्य चेतावनीहरु सबैभन्दा प्रभावकारी छन्। त्यसैकारण यस्ता उपायहरु स्वास्थ्य सुरक्षाको दृष्टिकोणबाट आवश्यक रहन्छ"[3] भनी निश्कर्ष निकालिएको भनिएको छ।

४३. त्यसैगरी FCTC महासन्धीको धारा ११(१) (ख) मा उत्पादकले सुर्तिजन्य पदार्थको लेबुल वा प्याकेजको बाहिरी कूल भागको ५०प्रतिशत वा सोभन्दा बढी भागमा चेतावनीमूलक सन्देश वा चित्र अंकित हुनुपर्ने अनिवार्य व्यवस्था गरेको र ३०प्रतिशत भन्दा कम हुन नहुने व्यवस्था अनुसार कुनै पनि राष्ट्रले आफ्नो राष्ट्रको आवश्यता अनुसार सुर्तिजन्य पदार्थको लेबुल वा

[3] World Health Organization. Regional Office for Europe. (2014). Evidence brief: how large pictorial health warnings on the packaging of tobacco products affect knowledge and behaviour.

प्याकेजको बाहिरी कूल भागमा कति प्रतिशत चेतावनीमूलक सन्देश वा चित्र राख्ने भन्ने सम्बन्धमा फरक फरक राष्ट्रहरुमा फरक फरक व्यवस्था रहेको पाईन्छ। उदाहरणका लागि दक्षिण एसियाली देश तथा अन्य देशहरुले पनि सुर्तिजन्य पदार्थको प्रयोग तथा धुम्रपान रोक्न, कम गर्न, ठुला चित्रात्मक स्वास्थ्य चेतावनीहरु त्यस्ता सुर्तिजन्य पदार्थको बट्टा, प्याकेटमा राख्नुपर्ने व्यवस्था गरेको पाइन्छ। श्रीलंकामा ८० प्रतिशत, वंगलादेशमा ५०, भारतमा ८५, थाइलेण्डमा ८५ प्रतिशत सुर्तिजन्य पदार्थको बट्टा, प्याकेटको बाहिरी भागमा चित्रात्मक स्वास्थ्य सम्बन्धी चेतावनी राख्नुपर्ने व्यवस्था गरेको पाइन्छ[4]। यसबाट, FCTC महासन्धीको प्रावधान बमोजिम नेपालले ९० प्रतिशत भाग ओगट्ने गरी सुर्तिजन्य पदार्थको बाहिरी भागमा चेतावनीमूलक सन्देश राक्नु पर्दछ भन्ने व्यवस्थालाई अन्तराष्ट्रिय कानून विपरीतको मान्न मिल्ने देखिदैन। साथै, २०६८ को निर्देशिकाले ७५ प्रतिशत भाग ओगट्ने गरी सुर्तिजन्य पदार्थको बाहिरी भागमा चेतावनीमूलक सन्देश तथा चित्र अंकित गर्नुपर्ने व्यवस्थालाई प्रतिस्थापन गर्दै स्वास्थ्य मन्त्रालतले जारी गरेको, २०७१ को निर्देशिकामा उत्पादकले चुरोट, बिडी, खैनी, सुर्ति र गुट्खा जस्ता सुर्तिजन्य पदार्थको बट्टा र प्याकेट राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ। ऐन, नियम, निर्देशिका राष्ट्रको आवश्यकता तथा राष्ट्रले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरु पूरा गर्न समय समयमा समायोजन र परिवर्तन गर्न सकिने हुँदा यसै बमोजिम चुरोट र सुर्तिजन्य पदार्थहरु भएको प्रत्येक प्याकेट, प्याकेज वा कार्टुनको बट्टाको अगाडि र पछाडी दुबै पट्टी ९० प्रतिशत क्षेत्रफल ओगट्ने गरी घातक चित्र र चेतावनीमूलक सन्देश छाप्नुपर्ने कुरालाई यस सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले समेत नरोकेको हुँदा यस्तो प्रावधानलाई मनमानी र कानून विपरीतको कार्य हो भनी मान्न मिल्ने देखिँदैन।

४४. **सुर्ति र गुट्खा जस्ता सुर्तिजन्य पदार्थको बट्टा र प्याकेट राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नुपर्ने व्यवस्थालाई नेपाल यस सम्बन्धमा अति संवेदनशील रहेको र कुनै पनि माध्यमबाट नागरिकमा यसले पार्ने नकारात्मक प्रभावका बारेमा जागरुक गराई यस्ता वस्तुको उपभोगमा कमी ल्याउन अग्रसर रहेको भन्ने देखाउँछ। नागरिकको जनस्वास्थ्यलाई लिएर विश्वले लिएको नीति जस्तै नेपालले पनि कठोर र प्रभावकारी नीति लिएको भन्ने देखिन्छ। यसबाट**

[4] Smokeless tobacco control: Litigation & judicial measures from Southeast Asia (https://www.ncbi.nml.ni.gov/pmc/article/PMC6172917/)

नेपालले त्यस्ता उद्योगबाट प्राप्त गर्ने राजश्वभन्दा पनि जनस्वास्थ्य, समाज, वातावरण, दिगो विकास र भाबी पुस्ता नै नेपालको प्राथमिकतामा पर्ने गरेको छ भन्ने सन्देश दिएको देखिन्छ। यसलाई नेपालले अन्तराष्ट्रिय स्तरमा गरेको प्रतिबद्धतालाई कार्यान्वयन गर्न र विश्वमा उदाहरणीय रुपमा प्रस्तुत हुन नेपाल सक्षम र सबल रहेको सन्देश प्रवाह गराएको रुपमा लिनु पर्ने हुन्छ।

४५. २०७१ को निर्देशिकामा रहेको ९० प्रतिशत चेतावनी मूलक सन्देश वा चित्र रहनुपर्ने प्रावधानका कारण प्याकेजिङ्ग, ट्रेडमार्क, अन्तशुल्क, स्टीकर लगायतका अनिवार्य उल्लेख गर्नुपर्ने विषयका लागि स्थानसमेत उपलब्ध नहुने भन्ने सुर्तिजन्य पदार्थ उत्पादक कम्पनीको तर्फबाट लिईएको जीकिर हेर्दा १०० प्रतिशतमा ९० प्रतिशतमा सुर्तिजन्य पदार्थको प्याकेजिङ्ग र लेबलमा स्वास्थ्यसँग सम्बन्धित चित्रात्मक चेतावनीमूलक सन्देश राख्नुपर्ने र १० प्रतिशत कम्पनीको अतिआवश्यक सन्देशका लागि छुट्याइको रहेछ भनी अर्थ लगाउनु पर्ने हुन्छ। उक्त १० प्रतिशतमा कम्पनीले उपभोक्ता संरक्षण ऐनको दफा ९ र ऐ.नियमावलीको नियम १५ अन्तर्गत चुरोट उत्पादकले चुरोटको बट्टामा खुलाउनुपर्ने कुराहरु राख्न सक्ने नै देखिन्छ। यसरी हेर्दा, प्याकेजिङ्ग र लेबुलको बाहिरी भागमा अन्तः शुल्कको स्टिकर, उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ९ मा लेबुलमा उल्लेख गर्नुपर्ने भनिएका आवश्यक विवरणहरु तथा पेटेण्ट, डिजाईन तथा ट्रेडमार्क ऐन, २०२२ बमोजिम दर्ता भएका औद्योगिक सम्पत्तिको प्रयोग आदि समेत सम्बद्ध विषयहरु उल्लेख गर्नका लागि आवश्यक स्थान उपलब्ध भएको देखिन्छ।

४६. सुर्तिजन्य पदार्थ नियन्त्रणका सम्बन्धमा हेर्दा यो विषय जनस्वास्थसंग सरोकार राख्ने भएको र यसको सिधा सम्बन्ध व्यक्तिको बाँच्न पाउने हकसंग जोडिएको हुंदा यस अदालतले गंम्भीरतापूर्वक चासो व्यक्त गरी नेपालको अन्तराष्ट्रिय कानून अन्तर्गतको दायित्व र देशको मूल कानून संविधानको शब्द र भावना बमोजिम आवश्यक आदेश जारी गर्दै महत्वपूर्ण व्याख्या गरी सिद्धान्त प्रतिपादन गरेको पाईन्छ। जसको केही दृष्टान्त निम्न बमोजिम रहेका छन् :

क) नेपालले FCTC को अनुमोदन ६ नोबेम्बर २००६ मा गरेपछि सोको कार्यान्वयन गर्ने समेतको विषय जोडिएको निवेदक प्रकाशमणी शर्मासमेत विरुद्ध नेपाल सरकार, वातावरण तथा प्रविधि मन्त्रालयसमेतको **सम्वत् २०६२ को रिट नं. ३८२२** मा मिति २०६३।०२।३० मा यस अदालतबाट जारी परामादेश कार्यान्वयन गर्न सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ जारी भएको पाईन्छ। उक्त मुद्दामा निम्न लिखित महत्वपूर्ण आदेश जारी भएको छः-

- घरभित्र वा बाहिरका सेवा प्रदायक कार्यालय, निकाय, अस्पताल, शैक्षिक प्रतिष्ठान, सार्वजनिक जमघट हुने स्थान र भवनसमेतका सार्वजनिक स्थलहरूमा धुम्रपान निषेध गर्नु,
- धम्रपानजन्य चिजवस्तुको विज्ञापन, छापा, संचार माध्यममासमेत निषेध गर्न अविलम्ब निर्णय गर्नु,
- धुम्रपान तथा सुर्तिजन्य पदार्थको सेवनबाट हुने हानी नोक्सानी सम्बन्धमा एवम् यस्ता वस्तुको सेवन नगर्नेतर्फ जनचेतना जगाउने खालका कार्यक्रमहरू ल्याई कार्यान्वयन गर्नु,
- यो आदेश प्राप्त गरेको एक वर्षमा सार्वजनिक स्थलमा गरिने धुम्रपान निषेध गर्ने आवश्यक कानून निर्माण गर्नेतर्फ पहल गर्नु।

ख) धुम्रपान नगर्नेहरूको नैसर्गिक अधिकार संघ नेपालका महासचिव श्री होमलाल श्रेष्ठ विरुद्ध अन्तरिम व्यवस्थापिका संसदसमेत (**ने.का.प. ०६६, अंक ९, नि.नं. ८२१७, पृष्ठ १४४८**) रहेको रिट निवेदनमा "विश्वमा वर्षेनी पचास लाख व्यक्ति धुम्रपान र सुर्तिसेवनबाट मृत्यु हुने गरेको जसमध्ये नेपालमा मात्र १५,००० भन्दा बढि मानिसले वर्षेनी ज्यान गुमाउने गरेको, मर्नेहरुमा धेरै जसो धुम्रपान र सुर्तिका अम्मलीहरु, उच्च रक्तचाप, मुटु रोग, क्यान्सर लगायत स्वास प्रश्वास दम जस्ता जीर्ण रोगबाट ग्रसित रहने गरेको, सुर्ति सेवन गर्नेहरु मध्ये १३ देखि १५ वर्ष उमेरका केटाहरु १४.५ प्रतिशत र केटीहरु ४ प्रतिशत रहेको, नेपाली नागरिकले आफ्नो आम्दानीको १० देखि १५ प्रतिशतसम्म धुम्रपान र सुर्तिजन्य पदार्थको सेवनमा खर्च गर्ने तथा नेपालका बहुराष्ट्रिय चुरोट कम्पनीहरुले विज्ञापन, प्रवर्द्धन र प्रयोजनमा मात्र वर्षेनी अरबौं रकम खर्चिने गरेको र निवेदक संस्था एक्सन नेपालले स्वास्थ्य अनुसन्धान परिषदबाट सुर्तिजन्य पदार्थमा अंकित चेतावनीमूलक सन्देश र चित्रको प्रभावकारिता सम्बन्धमा अनुसन्धान गर्ने स्वीकृति लिई सुर्तिजन्य पदार्थको क्रेता, बिक्रेता र सर्वसाधारणबीच सर्वेक्षण गर्दा ५८.२ प्रतिशत सुर्तिजन्य पदार्थ सेवनकर्ताले चेतावनीमूलक सन्देश र घातक चित्र अंकित गर्नाले सुर्तिजन्य पदार्थ सेवन गर्न छाड्ने प्रेरणा जगाएको, ८६.९ प्रतिशत युवालाई सुर्तिसेवन गर्ने सोचाइ नै आउन नदिएको अनुभूति गराएको, ८९.४ प्रतिशत सुर्ति सेवन गर्न छाडेकाहरुलाई भविष्यमा कहिल्यै

सेवन नगर्ने सोचमा दृढ बनाएको, ९३.३० प्रतिशत सर्वसाधारणलाई सुर्तिजन्य पदार्थको सेवनबाट हुने हानिप्रति सचेतना फैलाएको, सुर्तिजन्य पदार्थ सेवनकर्ताहरुको सेवनको मात्रामा ५५ प्रतिशतले घटेको तथ्य भेटिएको हुँदा एकातिर उपरोक्त कानूनी प्रावधान संविधानसम्मत, आवश्यक र जायज भएको पुष्टि हुनुको साथै अर्कोतर्फ वर्तमान राज्य संयन्त्रबाटै लागू गर्न गराउन सम्भव हुँदा राज्यलाई आर्थिक भार नबढीकनै नागरिकको जीवन अकालमा नजाने र स्वस्थ जनशक्ति तयार भई नेपालीको सम्वृद्धि ल्याउनमा टेवा पुग्ने निश्चित हुँदा उपरोक्त कानूनहरुको कार्यान्वयन छिटो प्रभावकारी ढङ्गबाट हुनु जरुरी छ", भनी उल्लिखित तथ्याङ्कसहित व्याख्या भएको पाइन्छ।

ग) संजिव केशवासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (**ने.का.प २०७१, अंक २ नि.नं. ९१२०**) मा "हरेक राज्यले आफ्नो सामाजिक, आर्थिक सन्दर्भमा र जनताका आवश्यकता र तिनले भोगेको समस्याको निराकरण गरी यथोचित भौतिक, आर्थिक, सामाजिक एवं कानूनी उपायहरू गर्नु उसको अन्तरनिहित अधिकारको कुरा हो। राष्ट्रिय उत्पादनमा उत्पादित हुने यस्ता सूर्तिजन्य पदार्थबाट बनेका वस्तुहरूमा कति प्रतिशत चेतावनीमूलक सन्देश वा चित्र अङ्कित हुने भन्ने कुरा फरक फरक कुरा भई यी प्रणालीगत विविधता अन्तर्गत रहने कुरा हुन्। प्रणालीगत विविधता प्रत्येक राष्ट्रका आ–आफ्ना कुराहरू हुन्। आन्तरिक रूपमा उत्पादित यस्ता वस्तुहरूको मुख्य भागमा कति प्रतिशत चेतावनीमूलक सन्देश वा चित्र अङ्कित गर्ने वा व्यवस्था गर्ने भन्ने कुरा हाम्रो मौजुद आवश्यकताका आधारमा तय गरिने कुरा हुन् र सूर्तिजन्य पदार्थको नकारात्मक असरको बारेमा यथार्थ र पर्याप्त जानकारी पाएमा उपभोक्ताले कम उपभोग गर्लान् वा उपभोग नै नगर्लान् भन्ने प्रस्तुत ऐनको अपेक्षा हो। सूर्तिजन्य पदार्थप्रतिको आकर्षण कदाचित वाञ्छनीय हुन सक्दैन। त्यसैले बढी भन्दा बढी प्रभावकारी रूपमा सूचनालाई स्थान दिन र प्रसारण गर्नुलाई व्यवसायको वा व्यवसायीहरूको अभिव्यक्ति स्वतन्त्रताको विषय बनाउन मिल्दैन। यस्तो व्यवस्था सम्बोधन हुने गरी राज्यले कानून निर्माण गर्न सक्ने नै हुँदा ऐनको उक्त दफामा भएको व्यवस्थालाई अन्यथा भन्न र अदालतले हस्तक्षेप गरिहाल्न मिल्दैन" भनी व्याख्या भएको देखिन्छ।

घ) सुर्ति जन्य पदार्थले व्यक्तिको स्वास्थ्यमा पार्ने समस्यासमेत समेटेर निवेदक

अधिवक्ता ज्योति बाँनिया विरुद्ध नेपाल सरकार ने.का.प. २०७१, नि.न ९१३२ को रिट निवेदनमा "सुर्तिजन्य कम्पनीहरूले सुर्ति सेवकहरूलाई लोभ्याउन चुरोट, पान, मसला, गुटखाहरूमा चकलेट, चिनी, भेनिला, जडीबुटी तथा मरमसलासमेत मिसाएका हुन्छन्। यी स्वास्थ्यका लागि सुर्तिसरह हानिकारक नभए तापनि त्यस्ता मिसाइएका वस्तुहरुले निकोटिनका कारण सुर्ति सेवन गर्ने व्यक्तिमा लत लगाई दिने भएकोले सुर्ति सेवनको नशामा फस्ने डर हुन्छ। सुर्ति, खैनी र गुट्खा सेवनले मुख तथा पेटको क्यान्सर गराउँछ साथै मुटुका रक्तनलीसँग सम्बन्धित रोग, रोग प्रतिरोधात्मक क्षमताको कमी गराउने, रगतको क्यान्सर र नपुंसकतालाई निम्त्याउँछ। खैनीमा मिसिएको चुनाले मुखको तथा पेटको अल्सर गराउँछ भने गुट्खा तथा अन्य सुर्तिको सेवनले रक्तचाप बढाउने, स्नायुक्षय, मधुमेह, मानसिक तनाव, चिन्ता, डर र उदासिनताका समस्या ल्याउँछ। सुर्तिको धुँवामा पाइने टार, एननाइट्रोसोनो, निकोटिन वेन्जोपाइरिन जस्ता तत्व क्यान्सरका प्रमुख कारक मानिन्छ" भनी व्याख्या भएको पाइन्छ।

४७. संविधान प्रदत्त मौलिक हकको संरक्षण तथा कार्यान्वयन गर्ने प्रमुख दायित्व राज्यको भएकोले आम नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूति पनि राज्यले नै गर्नुपर्ने हुन्छ। सुर्तिजन्य पदार्थको उत्पादन, बिक्रिवितरण तथा ओसारपसार लगायतका विषयहरूलाई नियमन, नियन्त्रण गर्ने देखि लिएर यस्ता वस्तुहरूको सम्बन्धमा बनेका ऐन, नियम एवम् निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्ने गराउने सम्मको सम्पूर्ण दायित्व राज्यकै हुन्छ। त्यसैगरी संविधानमा व्यवस्थित राज्यको निर्देशक सिद्धान्त र नीतिहरूमासमेत स्वच्छ वातावरण र नागरिक स्वास्थ्यको क्षेत्रमा राज्यका नीति र कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिने छ भन्ने विषयसमेत रहेको देखिंदा राज्यले यी विषयमा चाल्ने सकारात्मक तथा प्रभावकारी कदमलाई अन्यथा मान्न मिल्ने देखिदैन।

४८. यसो भनिरहंदा नेपाल सरकारलाई प्रतिनिधित्व गर्ने विपक्षीहरु स्वास्थ्य मन्त्रालय, उद्योग मन्त्रालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयको लिखित जबाफ बेहोराबाट यी विपक्षीहरु सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स पेटी तथा पार्सल, प्याकेजिंगमा चेतावनी मूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ लागु गर्न गराउन अपेक्षित रुपमा प्रतिवद्ध रहेको भन्ने देखिदैंन। निर्देशिका कार्यान्वयन गराउने सरकारी तहका विपक्षीहरुको लिखित जबाफ बेहोराबाट विपक्षीहरुले निर्देशिका कार्यान्वयनका लागि एक

अर्का निकायलाई लेखी पठाई आ-आफ्नो कर्तव्य निर्वाह गरेको भने तापनि वस्तुगत रुपमा यो यस तरिकाबाट निर्देशिका लागू गरे गराएको वा लागू गराउनेतर्फ निरन्तर काम गरिरहेको भनी कुनै समयसिमा, तथ्यांक वा विवरण पेस गर्न सकेको देखिएन। लिखित जबाफमा निर्देशिका कार्यान्वयन गर्ने काम गरिरहेको भनेतापनि सोको वस्तुगत आधार यी विपक्षीहरुबाट पेस भएको अवस्था छैन।यस्तो सरकारी उदासिनताका कारण जनस्वास्थ्यसंग जोडिएको गंम्भीर विषयले विकराल समस्याको रुप धारण गर्न सक्ने हुंदा यसतर्फ राज्यको गंम्भीरता अपरिहार्य रहेको तर्फ विपक्षीहरुको ध्यानकर्षण हुन जरुरी देखिन्छ।

४९. त्यसैगरी विपक्षी सुर्तिजन्य पदार्थ उत्पादक कम्पनीहरु सूर्य नेपाल प्रा.लि. तथा परफेक्ट ब्लेण्डस नेपाल प्रा.लिको तर्फबाट उपस्थित हुनुभएका कानून व्यवसायीहरूले २०७१ को निर्देशिकामा रहेको सुर्तिजन्य पदार्थको लेबुल वा प्याकेजको बाहिरी कूल भागको कम्तिमा ९० प्रतिशत भाग ओगट्ने व्यवस्था सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९ र WHO Framework Convention on Tobacco Control (FCTC) प्रावधान विपरीत रहेको भन्ने जीकिर माथिका प्रकरणहरुमा गरिएको विवेचनाहरुबाट खण्डित भईसकेको छ। ऐनले कम्तीमा ७५ प्रतिशत भाग ओगट्नु पर्ने भनेको र FCTC महासन्धीको धारा ११(१) (ख) मा उत्पादकले सुर्तिजन्य पदार्थको लेबुल वा प्याकेजको बाहिरी कूल भागको ५० प्रतिशत वा सोभन्दा बढी भागमा चेतावनीमूलक सन्देश वा चित्र अंकित हुनुपर्ने अनिवार्य व्यवस्था गरेको र ३० प्रतिशत भन्दा कम हुन नहुने व्यवस्था गरेको हुँदा २०७१ को निर्देशिका बमोजिम सुर्तिजन्य पदार्थको लेबुल वा प्याकेटको बाहिरी कूल भाग ९० प्रतिशत ओगट्ने गरी चेतावनीमूलक तस्वीर र सन्देश राख्नेगरी गरेको व्यवस्थालाई ऐन तथा महासन्धिको व्यवस्था विपरीत भयो भन्न मिल्ने देखिँदैन। सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स पेटी तथा पार्सल, प्याकेजिंगमा कति प्रतिशत भागमा चेतावनीमूलक सन्देश वा चित्र छाप्ने भन्ने कुरा कुनै विधिशास्त्र एवम् सिद्धान्तको कुरा नभई राष्ट्रहरूको आवश्यकताको विषय भएको र विद्यमान राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून समेतको विपरीत नभएको हुँदा विपक्षी सूर्य नेपाल प्रा.लि. तथा परफेक्ट ब्लेण्डस नेपाल प्रा.लि को तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग यो इजलास सहमत हुन सकेन।

५०. अतःमाथि विवेचित आधार कारण तथा संवैधानिक व्यवस्था, यस अदालतबाट प्रतिपादित सिद्धान्त एवम् धुम्रपान निषेध गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (FCTC) समेतको मर्म र भावना अनुरूप निर्मित सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र सुर्तिजन्य पदार्थ (नियन्त्रण र

नियमन गर्ने) नियमावली, २०६८ बमोजिम स्वास्थ्य मन्त्रालयबाट जारी सुर्तिजन्य पदार्थ, बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ लाई तत्काल प्रभावकारीरूपमा कार्यान्वयन गर्नू, गराउनू, र सो बमोजिम चुरोट र सुर्तिजन्य पदार्थहरु भएको प्रत्येक बट्टा, च्यापर्स, प्याकेट, पेटी तथा पार्सल, प्याकेजिंगको अगाडी र पछाडि दुबै पट्टी ९०(नब्बे) प्रतिशत क्षेत्रफल ओगट्ने गरी घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्ने व्यवस्था गर्नु, गराउनु, साथै सो विपरीतका उत्पादित सुर्तिजन्य पदार्थहरूलाई तीन महिना भित्र बजारबाट हटाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। यो आदेशको कार्यान्वयनको लागि महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरुलाई जानकारी दिई आदेश कार्यान्वयनको अनुगमन गर्नू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७(४) बमोजिम फैसला कार्यान्वयन निर्देशनालयलाई समेत लेखी पठाउनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी प्रस्तुत आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः (उपसचिव) यज्ञमूर्ति ज्ञवाली
शाखा अधिकृतः विकेश महर्जन
कम्प्युटर अपरेटरः सुप्रभा अर्याल
इति संवत् २०७९ साल भाद्र १२ गते रोज १ शुभम .....।